# स्थानीय विपद तथा जलवायु उत्थानशिल योजना

# Local Disaster and Climate Resilience Plan (LDCRP)







## ओमसतिया गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही

### लुम्बिनी प्रदेश

### (२०७७)

तयार गर्ने :

**ओमसतिया गाउँपालिकाको कार्यालय**

दस्तावेज:

# स्थानीय विपद तथा जलवायु उत्थानशील योजना

# Local Disaster and climate Resilience Plan-LDCRP

योजनाको अबधिः

आ.व. २०७७/०७८ देखि ०८१/०८२ सम्म (५ बर्ष)

समन्वय गर्ने :

पालिका स्तरीय विपद तथा जलवायु उत्थानशील समिति

प्राविधिक सहयोग:

वातावरणीय प्रदुषण चेतना र न्युनिकरणका लागि राष्ट्रिय संगठन

National Association for Awareness &Reduction of Environmental Pollution

(NAAREP)

रामग्राम -५ परासी नवलपरासी

Email: naarep.parasi@gmail.com

9857045659

**विषय सुची**

खण्ड १प्रारम्भिक परिचय
१.१ पृष्ठभूमी ....................................................................................................१
१.२ योजनाको उद्देश्य..........................................................................................३
१.३ योजनाको आवश्यकता र महत्व.........................................................................४
१.४ योजनाको सिमा.............................................................................................५
१.५ योजनानिर्माण प्रक्रियाविधि...............................................................................५

खण्ड २ प्रकोप , संकटासन्नता , क्षमता र जोखिमविश्लेषण
२.१ प्रकोपको पहिचान,स्तरीकरण र विश्लेषण ..........................................................९
२.२ प्रकोप स्तरीकरण..........................................................................................१०
२.३ प्रकोपविश्लेषण.............................................................................................११
२.४ प्रकोप, मौसमी तथा बालीपात्रो.........................................................................१३
२.५ प्रकोप, जोखिम तथा सामाजिक श्रोत नक्सांकन र संकटासन्नता तथाक्षमतापहिचान.............................१६
२ं.६जोखिम पहिचान तथा क्षमता विश्लेषण...............................................................१६
२.७ संस्थागत विश्लेषण वा सम्बन्धचित्र..................................................................१७
२.८ तापक्रम र वर्षाको विश्लेषण............................................................................२१
२.९लक्षित समुह छलफल........................................................................................२१
२.१० भू उपयोग जोखिमविश्लेषण ........................................................................२३
२.११ संकटासन्नता तथाक्षमताविश्लेषण मार्फत संकटासन्नता स्तरीकरण......................................२३
२.१२ सम्पन्नता स्तरीकरण ...................................................................................२४
२.१३. गाउँपालिकाको क्षमताविश्लेषण......................................................................२५
२.१४. स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधिको लेखांकन.....................................................३०
खण्ड ३ दिर्घकालिन सीप, परिदृश्य, लक्ष्य, नितीतथा रणनिति
३.१ दिर्घकलिन सोच.............................................................................................३२
३.२ परिदृश्य ......................................................................................................३२
३.३ लक्ष्य...........................................................................................................३२
३.४ उद्धेश्य.........................................................................................................३२
३.५ निति............................................................................................................३२
३.६ रणनिति.......................................................................................................३३

खण्ड ४  स्थानीय विपद् तथा जलवायु उत्थानशील गतिविधिहरु
४.१ विपद् जोखिमन्यूनीकरण तथा पूर्वतयारी रोकथाम, अल्पीकरण र अनुकुलनका योजनाहरु .................... ३४
४.१.१. नितिगत व्यवस्थता तथा निर्णय ........................................................................................३५
४.१.२ जनचेतना तथा क्षमता अभिवृद्धिका क्रियाकलापहरु.......................................................................३६
४.१.३जोखिम न्यूनीकरणका क्रियाकलापहरु.........................................................................................३८
४.१.४ आपतकालिन पूर्व तयारी ......................................................................................................४०
४.२ विपद्को समयका प्रतिकार्यका क्रियाकलापहरु..................................................................................४३
४.३ विपद् पश्चातका क्रियाकलापहरु.....................................................................................................४५
खण्ड  ५  योजनाको अनुगमन, मूल्याँकन तथा अद्यावधिकता
५.१ योजनाको अनुगमन तथा मूल्यांकन.............................................................................................४६
५.२ योजनाको अद्यावकिता र पुनरावलोकन........................................................................................४६
अनुसुचीहरु ...........................................................................................................................४७

## खण्ड – १

## प्रारम्भिक परिचय

### १.१ पृष्ठभूमी

विश्व मानचित्रमा नेपाल विपद् जोखिमको दृष्टिले उच्च जोखिम राष्ट्रको रुपमा लिइन्छ । समग्र प्रकोप जोखिमको हिसाबले २० औ स्थानमा, भूकम्पीय जोखिमको हिसाबले ११ औ स्थानमा बाढी तथा पहिरोको जोखिमको हिसाबले ३० औ स्थानमा र जलवायु परिवर्तनको प्रभावको हिसाबले चौथौ स्थानमा पर्दछ । नेपाललाई बाढी, पहिरो, भूकम्प, आगलागी, महामारी र जलवायु परिवर्तनको प्रभावबाट संकटाभिमुख राष्ट्रको रुपमा पनि लिइन्छ । नेपालको भौगोलिक बनोटको आधारमा हिमाल, पहाड र तराईमा फरक फरक प्रकारका प्रकोपहरुका कारणले विपद्हरुको घटना घट्ने गरेको पाइन्छ । ती विपद्का कारण देशमा वर्षेनी ठूलो रुपमा जनधनको क्षति हुने गरेको छ । नेपालको भौगोलिक अवस्थितिका कारण ८०% भन्दा बढी नेपालीहरु कुनै नं कुनै प्राकृतिक प्रकोपको जोखिममा रहेको छ। २०७२ सालको भूकम्पले करिव ९ हजार नेपालीहरुको ज्यान लिनुको साथै लाखौ घर तथा विद्यालय भवनहहरु भत्कायो । हिमपहिरो तथा जलवायु परिवर्तनले हुने जोखिम पनि डरलाग्दो छ । सबै प्रकारको जोखिमहरुको विश्लेषण गर्ने हो भने नेपालमा करिब वार्षिक रुपमा ६ लाख ४० हजार मानिसहरु प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट प्रभावित छन् भने करिब ३० हजार घर तथा भवनहरु भत्किरहेका छन् । सडक दुर्घटनामा परि प्रत्येक वर्ष करीब २ हजार नेपालीहरुको ज्यान गइरहेको छ भने १३ हजारलाई कुनै नं.कुनै किसिमको चोटपटक लागेको छ ।

गृह मन्त्रालयलको सन् २०१६ को तथ्याङ्क अनुसार नेपालमा सन् १९७२ देखि २०१७ सम्म २९४० वटा विपद्का घटनाहरु घटिसकेका छन् । जनधनको क्षति विश्लेषण गर्ने हो भने पनि विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक योजना २०१८– २०३० (ई.सं. अनुसार प्रत्येक वर्ष नेपालको कुल ग्राहस्थ उत्पादनको करिव २ प्रतिशत बराबरको क्षति भइरहेको छ । अझ २०७२ सालको भूकम्पले त कुल ग्राहस्थ उत्पादनको करिव २५ प्रतिशत बराबरको क्षति ग–यो । दिगो विकास लक्ष्यका लगभग धेरै जसो लक्ष्यहरुले विपद् जोखिम व्यवस्थापनका विषयमा स्थान ओगटेको छ । विपद्को प्रभाव विशेष गरेर संकटासन्नतामा रहेका समुदायमा बढी पर्ने गर्दछ । विपद् भन्नासाथ प्रकोप र प्रकोपलाई झेल्न सक्ने क्षमता निर्भर रहन्छ । विपद् पूर्वतयारीका कार्यहरु न्यून तथा प्रभावकारी नभएका कारण विपद्बाट ठूलो क्षति हुने गरेको छ । अतः देशलाई विपद् उत्थानशील राष्ट्र बनाउन समुदाय एवं स्थानीय स्तरदेखि नै पहल हुनु जरुरी छ । यसै परिप्रेक्षलाइ मध्यनजर राखी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका २०७४ तयार गरी लागु गरेको छ । यसै निर्देशिकालाई आधार मानेर गाउँपालिका तथा नगरपालिका स्तरीय विपद् जोखिम तथा जलवायु उत्थानशील व्यवस्थापन योजना तर्जुमा प्रक्रियाका कार्य थालनी भएको छ ।

### १.२ ओमसतिया गाउँपालिकाको परिचयः

ओमसतिया गाउँपालिका नेपालमा अवस्थित भगवान बुद्धको पावन जन्मस्थल लुम्बीनी प्रदेश अन्तर्गत रुपन्देही जिल्लामा अवस्थित गाउँपालिका हो । साविकको ५ वटा गा वि.स.हरु पडसरी, हाटी फर्साटिकर, बसन्तपुर, पटखौली र छोटी रामनगर गाउँ विकास समितिहरुलाई समेटी ओमसतिया गाउँपालिका ४८.५४वर्ग कि मी क्षेत्रफलमा फैलिएको छ

। यस गाउँपालिकालाई ६ वडामा विभाजन गरिएको छ । २७.५४३४ उत्तरी अक्षांश देखि ८३.४९१०१६ पूर्वि देशान्तर सम्म फैलिएको यस गाउँपालिकाको अधिकतम तापक्रम ४३.४० डि ग्री सेल्सीयस र न्यूनतम १०.४ डि ग्री सेल्सीयस रहेको छ ।

वि स २०७६ को घरधुरी सर्वेक्षण अनुसार ओमसतिया गाउँपालिकामा ६५३९.घर परिवार ,जसमा महिला १७,२३७.. पुरुष १८,२१४ गरि कुल जनसंख्या ३५,४५१ रहेको छ । यस गाउँपालिकामा विभिन्न जातजातीहरुको एक सौहाद्र्र पूर्ण बसोबास रहेको पाइन्छ । (श्रोतः ओमसतिाय गाउँपालिनका गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७६)

पूर्वमा नवलपरासी जिल्ला, पश्चिममा सिद्धार्थ गाउँपालिका, मायादेवी र सियारी गाउँपालिका, उत्तरमा देवदह र तिलोत्तमा गाउँपालिका र दक्षिणमा रोहिणी गाउँपालिका रहेको छ । यो गाउँपालिकाको बनावट समथर रहेको छ । प्राकृतिक रुपले भरिपूर्ण यस गाउँपालिकामा अधिकांश मधेशी समुदायका विभिन्न जातजातीका मानिसहरु बसोबास गर्दछन । जस्तै यादव, कुर्मी, हरिजन, पासी, मुराव, बाह्मण, मुसलमान आदी । यहाँको मुख्य पेशा भनेको कृषि नै हो, तर यहाँका मानिसहरु विभिन्न किसिमका व्यापार व्यवसाय पनि गर्दै आईरहेका छन । यहाँको रहन सहन, लवाई, भेषभुषा र सामाजिक सास्कृतिक चालचलन तराई मधेशको मौलिक प्रकारको छ । खानेपानीमा धेरै जसो घरपरिवारले घरमै रहेको चापाकल धाराको पानी प्रयोग गरेको पाईन्छ भने केहि परिवारले सार्वजनिक आटिजन बोरिङ्गको पानी प्रयोग गरेको पाइन्छ । यस क्षेत्रमा भूमिगत पानीको मुहान राम्रो भएको हुँदा पिउने पानी तथा कृषि प्रयोजनको लागि पानीको उपलब्धतामा कुनै समस्या छैन, तर सिंचाईको उचित व्यवस्था गरी बर्षभरी नै हरियाली गाउँपालिकाको रुपमा चिनाउन सकिन्छ । नेपाल चार जात छत्तिस वर्णको फुलवारी भए जस्तै यस गाउँपालिकाभित्र पनि विभिन्न धर्मालम्बीहरु बसोबास गरेको पाईन्छ । सबै धर्मलाई समानताका रुपमा उच्च सम्मान गरिएको यस गाउँपालिकामा विभिन्न जातजातिहरु जस्तै थारु, बाह्मण, क्षेत्री, मगर, मधेशी, तराईवासी आदिहरु एकआपसमा आफ्नो अस्तित्व राखी बसेको पाईन्छ । ओमसतिया गाउँपालिका विपद् जोखिमका दृष्टिले संकटासन्न गाउँपालिकामा पर्दछ । जिल्लाको विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनामा पनि यस गाउँपालिकालाई समग्र विपद् जोखिमको दृष्टिले मध्यम जोखिमपुर्ण गाउँपालिकामा सुचिकृत गरेको छ । खासगरी यस गाउँपालिकामा भुकम्प, बाढी, आगलागी, सडक दुर्घटना, शीतलहर, हावाहुरी, माहामारी जस्ता प्रकोपहरुका कारण वर्षेनी ठूलो मात्रामा धनजनको क्षति हुने गरेको छ । यी विभिन्न प्रकोपहरु मध्ये पनि बाढी, आगलागी, सडक दुर्घटना, शीतलहर, सर्पदंश नै प्रमुख देखिएका छन् । रोहिणी र डण्डा खोला लगायत अन्य खोल्सीहरु यसै गाउँपालिका भएर बग्ने भएकाले वडा नं. ३, ४, ५ र ६ का खोला छेउका बस्तीहरु बाढीबाट क्षती तथा बर्षेनी जोखिममा पर्नुका साथै गाउँपालिकाका अन्य वडामा पनि साना ठुला खोल्सीहरुले बर्षेनी बाढीको समस्या भोग्नुपरेको छ । यसैगरि हरेक बर्ष यस गाउँपालिकामा आगलागीले पनि निकै क्षति पु–याउने गरेको छ । खासगरी शहरी क्षेत्रमा भन्दा पनि ग्रामीण क्षेत्रमा आगलागीको प्रकोप बढी हुने गरेको छ । ग्रामीण क्षेत्रमा एकतले झुरुप्प परेको बस्तीहरु भएका कारण यी स्थानहरुमा आगलागीले क्षणभरमै सखाप बनाउने गरेको छ । ओमसतिया गाउँपालिकाको पुर्वपश्चिम लोकमार्गमा अवस्थित हुनाले हरेक दिन सडक दुर्घटनाको जोखिम हुने गरेको छ । भौतिक क्षतिको दृष्टिले न्युन संकटासन्न रहेपनि मानवीय क्षतिका दृष्टिले उच्च संकटासन्न क्षेत्रमा पर्दछ । खाल्डा परेका पक्की तथा भित्री कच्ची सडक त्यसमा पनि यत्रतत्र चौपायाको प्रवेश,सवारी साधनको बढ्दो चाप तथा लापरवाही पुर्ण ढंगले सवारी साधन आवत जावत गर्नुको परिणाम सडक दुर्घटनाको जोखिम बढेको देखिन्छ । ओमसतिया गाउँपालिका बहुप्रकोप जोखिमका दृष्टिले संकटासन्न गाउँपालिकामा पर्दछ । हरेक वर्ष बाढी, कटान, डुवान, हावाहुरी, असिनापानी, सडक दुर्घटना, महामारी, सर्पदंश, शितलहर, चट्याङ, कृषि बालीमा लाग्ने रोग तथा पशुरोग जस्ता प्रकोपका कारण यहाँका मानिसहरुले विपद्को सामना गरिरहनु परेको छ ।

विपदको दृष्टिले विगत ३० वर्षको इतिहासलाई हेर्ने हो भने वि स २०५७, २०७२ र २०७७ सालमा यस गाउँपालिकामा बाढीबाट १९५ घरधुरी पूर्ण रुपमा क्षति भएको थियो। मानविय क्षति भने भएन। ४५ वटा बाख्रा, ११ बंगुर मरेको, ४५ वटा रुखहरु बगाएको, ५२५ विगाहामा लगाएको धान डुवान भएर क्षति भएको जसबाट करिब रु ५० लाख बराबरको क्षति भएको थियो, त्यस्तै ३५०० मिटर जति सडक बाढीले भत्काएको थियो। त्यस्तै वि स २०७७ सालमा सर्पदंशले १ जनाको मृत्यु भएको थियो। गाउँपालिकामा सर्पदंशले हरेक वर्ष क्षति पुरयाएको हुन्छ। त्यस्तै शितलहरले हरेक वर्ष बालीनाली , घरपालुवा जनावरमा असर पुरयाएको हुन्छ। त्यस्तै वि स २०७२ सालको भूकम्पले ठूलो असर पुरयाएको भने छैन, तर घरहरु सामान्य क्षति भएका थिए। यस गाउँपालिकामा रहेका जनजागृति मा वि को ३ वटा भवनमा सामान्य क्षति भएको थियो, तर मानविय क्षति भने भएका थिएन। यस गाउँपालिकामा असिना, हावाहुरी निरन्तरले घर विद्यालयमा, बालीनालीमा क्षति पुरयाउनुको साथै बालबालिका र वृद्धवृद्धाहरुलाई असर पुरयाएको थियो।

यस गाउँपालिकामा रहेका विभिन्न वडाहरुको जनसंख्याको विवरण निम्नअनुसार रहेको छ।

### १.२.१ जनसंख्याको विवरण

| वडा | घरधुरी | कुल जनसंख्या | महिला | पुरुष |
|---|---|---|---|---|
| १ | १०४७ | ४७२७ | २३५० | २३७७ |
| २ | ११०७ | ५८४० | २८४५ | २९९५ |
| ३ | १०५८ | ५८४६ | २८३२ | ३०१४ |
| ४ | १२८३ | ८०५८ | ३८९४ | ४१६४ |
| ५ | ९७३ | ४९०९ | २३५६ | २५५३ |
| ६ | १०७१ | ६०७१ | २९६० | ३१११ |
| जम्मा | ६५३९ | ३४,४५१ | १७,२३७ | १८,२१४ |

तालिका न १ जनसंख्याको विवरण (श्रोतः ओमसतिया गाउँपालिका प्रोफाईल २०७६)

### १.२.२ जातजातिअनुसारको घरधुरी र जनसंख्या

| वडा | दलित | | | जनजाति | | | अन्य | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | घरघुरी | महिला | पुरुष | घरघुरी | महिला | पुरुष | घरघुरी | महिला | पुरुष |
| १ | ६६ | १३७ | १६० | ६६४ | १४२० | १५६८ | ३८१ | ७९३ | ६४९ |
| २ | १३८ | ३६१ | ३७० | ५३१ | १३८७ | १४३० | ४३८ | १०९७ | ११९५ |
| ३ | १४६ | ३९६ | ४०७ | ६८४ | १८६९ | १८९२ | २२८ | ५६७ | ७१४ |
| ४ | २१४ | ६६५ | ६८३ | ५४० | १६९५ | १७०७ | ५४९ | १७५४ | १७०५ |
| ५ | २८८ | ७०३ | ७३७ | ४४८ | १११३ | ११२७ | २३७ | ५७५ | ६१० |
| ६ | २२५ | ६३७ | ६४६ | ६३४ | १७९७ | १८१७ | २१२ | ५९८ | ६११ |
| **जम्मा** | **१०७७** | **२८९९** | **३००३** | **३५०१** | **९२८१** | **९५४१** | **२०४५** | **५३८४** | **५४८४** |

तालिका न २ जातजाति अनुसारको घरधुरी र जनसंख्याको विवरण

१.२.३ अपाङ्गताको विवरण

| **वडा नं.** | **अपाङ्गताको प्रकार** | **महिला** | **पुरुष** | **जम्मा** |
|---|---|---|---|---|
| १ | पूर्ण अपाङ्गता | ६ | ६ | १२ |
| | आशिंकअपाङ्गता | ४ | १२ | १६ |
| २ | पूर्ण अपाङ्गता | ९ | १३ | २२ |
| | आशिंकअपाङ्गता | ६ | १७ | २३ |
| ३ | पूर्ण अपाङ्गता | २ | ५ | ७ |
| | आशिंकअपाङ्गता | ३ | ८ | ११ |
| ४ | पूर्ण अपाङ्गता | ६ | ४ | १० |
| | आशिंकअपाङ्गता | ६ | १६ | २२ |
| ५ | पूर्ण अपाङ्गता | ४ | ८ | १२ |
| | आशिंकअपाङ्गता | ४ | २० | २४ |
| ६ | पूर्ण अपाङ्गता | ४ | ४ | ८ |
| | आशिंकअपाङ्गता | १५ | १० | २५ |

तालिका न ३ अपाङ्गताको विवरण

## १.३ योजनाको उद्देश्य

विपद् जोखिम व्यवस्थापनका कार्यहरुलाई संस्थागत गरी विपद्को दृष्टिले सुरक्षित समुदायको निर्माण गर्नको लागि ओमसतिया गाउँपालिका सँग समन्वय र सहकार्य गरि स्थानीय तहका आवधिक र वार्षिक कार्यक्रममा समेत मूलप्रवाहीकरण गरी दीगो विकास गर्नको लागि नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्माण गरेको"स्थानीय विपद् तथा जलवायु उत्थानशीलय योजना तर्जुमा निर्देशिका २०७४ को मस्यौदा अनुसार निर्माण गरिएको छ। यस योजनाको विपद् पूर्व, विपद्को समयमा र विपद् पश्चात मानिस माथि पर्ने प्रतिकुल प्रभावको सामना गर्न स्थानीय स्रोतको अधिकतम उपयोग गर्दै विभिन्न क्षेत्रसँग समन्वय गरी विपद् पूर्वतयारी, पूर्व सचेतना प्रणाली, न्यूनीकरण, रोकथाम कार्य गर्नु र प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी, जवाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउनु मूल उद्देश्य रहेको छ।

- विपद् सम्बन्धी न्यूनतम आधार तथा साझा मापदण्ड निर्धारण गरी गाउँपालिका स्तरीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा गर्ने।
- विपद्बाट हुने जनधनको क्षति तथा जोखिमलाई कम गर्ने।
- पहिचान गरिएका मुद्दाहरुलाई योजनाको रुप दिई पुर्वतयारीको कार्यहरु गर्ने, जीविकोपार्जनमा अभिवृद्धि गर्ने
- विपद् जोखिम न्यूनीकरणका कार्यलाई विकास योजनाहरुमा मुलप्रवाहीकरण गर्ने।
- गाउँपालिका भित्र रहेका विपद्को सङ्कटासन्नता, जोखिम र क्षमता पहिचान तथा विश्लेषण गर्ने।
- विपद् जोखिम व्यवस्थापनका प्राथमिकता प्राप्त कार्यक्रम सहितको योजना तर्जुमा गर्ने।
- विपद् उत्थानशील समुदायको निर्माणमा योगदान गर्ने।

- स्थानीय तहका नीति तथा विकास कार्यक्रममा सबै क्षेत्रलाई समेटने गरि समुदायका महिला (सुत्केरी महिला, गर्भवती महिला) बालबालिका, सीमान्तीकृत वर्ग, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाति र अल्पसंख्यक समेत वर्गको समानुपातिक सहभागिता सुनिश्चित गरी विपद् जोखिम व्यवस्थापनलाई संस्थागत गर्न मार्ग प्रशस्त गर्ने ।
- विपदमा  परेका व्यक्ति, परिवार र समुदायलाई तत्काल उद्दार गरी मानवीय सेवा प्रदान गर्ने ।
- विपद् बाट  प्रभावित समुदायलाई सुरक्षित र सम्मानजनक जीवनयापनका लागि आधारभूत सहयोग उपलब्ध गराउने ।
- विपद् व्यवस्थापन चक्र (विपद् पुर्व, विपद् प्रतिकार्य, विपद् पश्चात मा परिचालन गर्नु पर्ने श्रोत र साधनहरु पुर्वतयारीका साथ राख्ने ।
- उपलब्ध न्युनतम साधन श्रोतको अधिकतम उपयोग गर्दे आवश्यक पर्ने थप साधन श्रोतको खोजी गरी सरकार र सरोकारवाला निकाय तथा संघसंस्था सँग समन्वय गरी विपद् प्रभावित समुदायलाई सहयोग उपलब्ध गराउने ।

## १.४ योजनाको आवश्यकता तथा महत्व

विपद्् व्यवस्थापन भित्र गरिने विभिन्न चरणका कार्यहरुलाई व्यवस्थित गर्नका लागि स्थानीय स्तरमा तर्जुमा गरिने विकास योजनाको एउटा प्रमुख भागका रुपमा निरन्तर यो योजना कार्यान्वयन हुन्छ । स्थानीय निकायसँग समन्वय र सहकार्य गरि विपद्को घटना, मानव समुदायका लागि सम्वेदनशील भएकाले यस्तो अवस्था नआओस भन्नाको निम्ति हरेक विकासका कार्यलाई विपद् व्यवस्थापन कार्यसँग समायोजन गरी दीगो विकासका क्रियाकलापमा समुदायको सक्रिय सहभागिता समेतको अपेक्षा गरिएको हुँदा यसले महत्वपूर्ण स्थान ओगटेको हुन्छ । यसकारण यस योजनाको निकै ठूलो महत्व रहेको छ । त्यसैले यस योजनाको आवश्यकता र महत्वलाई अग्रस्थानमा राख्न सकिन्छ । गाउँपालिका स्तरीय विपद् जोखिम व्यवस्थापनमा योजनाका निम्न महत्वले यसको आवश्यकतालाई पुष्टि गर्दछ ।

- गाउँपालिका स्तरमा संस्थागत संरचना तयार हुने
- गाउँपालिका सदस्य, कार्यपालिका सदस्य, वडा स्तरिय प्रतिनिधी, संघसंस्थाको प्रतिनिधी सँग समन्वय तथा सहकार्य गर्ने ।
- पुर्वसुचना प्रणाली, आपतकालिन संचालन केन्द्रको स्थापना भई जोखिम न्युनीकरण कार्यमा सहयोग पुग्ने ।
- गाउँपालिका स्तरीय विपद् जोखिम न्यूनीकरणमा सूचनाको पहुँच रहने ।
- बहुजोखिम तथा क्षमता विश्लेषणमा समुदायको सहभागिता हुने ।
- गाउँपालिकामा तयारी, प्रतिकार्य समुहहरु निर्माण हुने ।
- गाउँपालिका स्तरमा विपद् जोखिम न्यूनीकरण योजना तर्जुमा हुने ।
- गाउँपालिका स्तरमा विपद् जोखिम न्यूनीकरण कोष स्थापना हुने  ।
- समुदायले व्यवस्थापन गरेको श्रोतहरुमा समान पहुँच हुने ।
- गाउँपालिका स्तरमा विपद् जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गरिने ।
- यस योजनाले विपद् पुर्व, विपद्का समयमा र विपद् पश्चात मानिस माथि पर्ने प्रतिकुल प्रभावको सामना गर्न मद्दत पुरयाउँने ।

- स्थानीय श्रोत, साधन तथा क्षमताको अधिकतम उपयोग गर्दै विभिन्न क्षेत्रसँग समन्वय गरी विपद् पूर्वतयारी, पूर्वचेतावनी प्रणाली, न्यूनीकरण, रोकथाम गर्नु, र प्रभावितहरुलाई व्यवस्थित, प्रभावकारी, जवाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउन स्थानीय निकायलाई जिम्मेवार बनाउँने ।
- योजनाले विपद्को समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्ने सुनिश्चितता दिने ।
- विपद्को जोखिम कम गर्न समुदायलाई हातेमालो गर्ने वातावरण बनाउन प्रेरणा दिने ।
- पीडित समुदायलाई आफ्नो अधिकार र दायित्वको बारेमा सचेत गराउँने ।
- उद्धार र राहत जस्ता कार्यमा पीडित समुदायका समान पहुँच प्रत्याभुति गर्ने ।
- आपत्कालीन समयमा सूचना र जानकारी प्रक्षेपणलाई व्यवस्थित गर्न सहयोग गर्ने ।
- सामाजिक, साँस्कृतिक र स्वास्थ्य प्रवद्र्धनका विषयलाई व्यवस्थित गर्न सहयोग गर्ने ।
- स्रोतको सही सदुपयोग गरी प्रभावित समुदायलाई प्रकोपको पीडाबाट मुक्ति दिने बाटो तयार गर्ने ।
- क्षेत्रगत रुपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुको साथै सेवाप्रदायकमा जवाफदेही र उत्तरदायित्व भावनाको विकास गराउने ।

## १.५ योजनाको सिमा

योजना तथा कार्यक्रमहरुका आफ्नै महत्व र सीमा हुन्छन् । यस योजनाका पनि महत्वका साथै निम्नानुसार सीमा पनि रहेका छन् ,

योजनाको कार्यान्वयन स्थानीय निकायहरुले आफ्नो नियमित योजना तर्जुमा प्रक्रियाको अभिन्न अंगको रुपमा गर्ने भएकोले विकास निर्माण सँग सम्बन्धित भएर निरन्तर कार्यान्वयनमा रहने छन् ।

- तथ्यांक संकलनको क्रममा विगतका वर्षहरुमा भएका विपद्का घटनाहरु तथा त्यसबाट भएको क्षतिको यर्थाथ विवरणहरु प्राप्त गर्न कठिनाई भएकाले विश्लेषण गर्न कठिनाई भएको छ ।
- यस योजनाको कार्यान्वयनको लागि गाउँपालिकाले आवश्यक रुपमा जनशक्ति तयार गर्न समय लाग्ने छ र त्यसको लागि श्रोतको खोजी गर्नुपर्ने अवस्था रहन्छ, जुन उपलब्ध हुन्छ नै भने निक्र्यौल गर्न सकिदैन ।
- यस योजनाको कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक दक्ष जनशक्तिको स्थानीय स्तरमा कम उपलब्धता रहन सक्छ ।

## १.६ योजना निर्माण प्रक्रिया विधिः

" स्थानीय विपद् तथा जलवायु उत्थानशील तर्जुमा निर्देशिका२०७४" को मस्यौदा अनुसार यो योजना तर्जुमा गर्दा गाउँपालिका र वडाका प्रभावित तथा सङ्कटासन्न समुदायको प्रत्यक्ष र समावेशीयुक्त सहभागिता सुनिश्चित हुने गरी समावेशी, सहभागितामुलक र यथार्थपरक बनाउन निम्न अनुसारको प्रक्रियाहरु अवलम्वन गरिएका छन् ।




**चरण १: समन्वय र प्रारम्भिक तयारी**

**योजना निर्माणमा गाउँपालिकाको छनौट :** गाउँपालिका तथा सरोकारवाला संघसंस्थाहरुसँग समन्वय गरी नारेपले यस ओमसतिया गाउँपालिकाको छनोट गरेको छ ।

प्रारम्भिक भेला तथा स्थानीय विपद् व्यवस्थापन समितिमा छलफलः गाउँपालिका अध्यक्ष, उपाध्यक्ष तथा सम्पूर्ण निर्वाचित जनप्रतिनिधी, प्रमुख प्रशासकिय अधिकृत, स्थानीय राजनीतिक दलका प्रतिनिधी, स्थानीय बुदिजीवीहरु, ज्येष्ठ नागरिक, स्थानीय संघसंस्थाको प्रतिनीधि तथा 'सरोकारवालाहरुको सहभागितामा स्थानीय विपद् जोखिम तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका अनुसार छलफल गरिएको छ ।

**चरण २: संकटासन्नता तथा क्षमता विश्लेषण**

**गाउँपालिकाको कार्यालय र गाउँपालिका स्तरीय विपद् व्यवस्थापनका छलफल :** गाउँपालिका स्तरीय योजना बनाउने विषयमा नारेप तथा ओमसतिया गाउँपालिका तथा गाउँपालिका स्तरीय विपद् तथा जलवायु उत्थानशील व्यवस्थापन समिति तथा अन्य स्थानीय संघसंस्थाका प्रतिनिधी तथा सरोकारवालाहरुसँग छलफल गरी वडा तथा गाउँपालिका स्तरीय योजना बनाउने कार्यमा सहमति भएको छ ।

**योजना निर्माण अभिमुखीकरणः** स्थानीय विपद् व्यवस्थापन समिति र नारेप, परासी, नवलपरासीको सहजीकरणमा अभिमुखीकरण गरिएको छ । यस अभिमुखीकरणमा सहभागीहरुलाई विपद् सम्बन्धी विषयवस्तु जस्तै विपद्, प्रकोप सङ्कटासन्न, जोखिम र क्षमता बारेमा छलफल गरिएको थियो भने सूचना संकलन विधि तथा प्रक्रियाका बारेमा छलफल तथा अभ्यास गरिएको छ ।

**गाउँपालिकाको वडा स्तरीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माणः** यस योजना तयार गर्ने सम्बन्धमा ओमसतिया गाउँपालिकाको गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिती, गाउँपालिका कार्यालय, वडा कार्यालय, वडा स्तरीय विपद् तथा जलवायु उत्थानशील समिति, सँग समन्वय गरी सङ्कटासन्नता तथा क्षमता विश्लेषण (भि.सि.एं) तथा योजना निर्माणको क्रममा पटक पटक छलफल तथा पुनरावलोकन गरी यस ओमसतिया गाउँपालिका भित्र ६ वटै वडाहरुको वडा स्तरीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरिएको छ ।

**वडा स्तरीय सूचना संकलनः** गाउँपालिका स्तरीय विपद् व्यवस्थापन योजनामा निर्माणका क्रम तथा वडास्तरीय सूचना तथा अभिमुखीकरणमा सहभागी भएका सहभागीहरुबाट सहभागितामुलक रुपमा सूचनाको संकलन गरिएको थियो । जसमा विशेष गरेर सामाजिक र आर्थिक सूचनाहरु, गाँउपालिकामा हुने प्रकोपहरु र विपद्को ऐतिहासिक विवरण आदि संकलन गरिएको छ । उक्त सूचनालाई गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिमा छलफल तथा पुनरावलोकन समेत गरी गाउँपालिका स्तरीय सूचना संकलन गरिएको छ ।

**योजना खाका लेखन कार्यः** सहभागीबाट आएको सूचना तथा योजना निर्माणका क्रममा वडा स्तरबाट आएका सङ्कटासन्नता तथा क्षमता विश्लेषण र वडा स्तरका योजनाहरुलाई समेट्दै विपद् जोखिम व्यवस्थापन परामर्शकर्ता र विपद् व्यवस्थापन समितिबाट संयुक्त रुपमा योजना लेख्ने कार्य सम्पन्न भएको छ ।

**गाउँपालिकाको स्तरीय योजना बैठकः** योजना निर्माण गर्नको लागि बैठक संचालन गरिएको छ । सहभागीतामूलक रुपमा विभिन्न प्रकोपको असरहरु कम गर्न र विपद्को अवस्था सिर्जना हुन नदिन विपद् पहिले के के कार्य गर्ने विपद् भई हालेको अवस्थामा के के कार्यहरु गर्ने भन्ने सन्दर्भमा विस्तृत छलफल तथा समुह कार्य गरिएको छ । सहभागीहरुबाट तथा गाउँपालिकाबाट आएको सूचनाको आधारमा ओमसतिया गाउँपालिकाको गाउँपालिका स्तरीय विपद् तथा जलवायु उत्थानशील योजना तयार गरिएको छ । योजना निर्माणका क्रममा वडास्तरबाट आएका योजनाहरुलाई समेट्दै आवश्यकता अनुसार थप योजनाहरुको पनि छनोट गरिएको छ ।

**योजनाको प्रस्तुती र सुझाव संकलन गोष्ठीः** योजनालाई गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिमा प्रस्तुती गरी योजनामा थप्नुपर्ने बुँदाहरु र आवश्यक सल्लाह सुझाव समेटिएको थियो ।

**योजनाको अन्तिम लेखन कार्य र योजनाको तयारी** : गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति तथा सहभागिहरुबाट आएको सुझावलाई पनि समेटेर विपद् तथा जलवायु उत्थनाशील योजनाको तयारी कार्य सम्पन्न गरिएको थियो ।

***योजना तर्जुमाको लागि प्रयोग गरिएका संकटासन्नता तथा क्षमता विश्लेषण औजारहरु***

१) प्रकोप ऐतिहासिक समयरेखा विश्लेषण
२) प्रकोप पहिचान तथा स्तरीकरण
३) प्रकोप, मौसमी तथा बाली पात्रो
४) प्रकोप जोखिम तथा सामाजिक श्रोत नक्साङ्कन
५) क्षमता विश्लेषण
६) सस्थागत विश्लेषण वा सम्बन्ध चित्र
७) तापक्रम र वर्षाको विश्लेषण

८) लक्षित समुह छलफल
९) स्थानीय ज्ञान सीप क्षमता र प्रविधीको लेखाकन
१०) जोखिम सवेदनशील भू उपयोग विश्लेषण
११) समुदायको संकटासन्नता  क्षमता विश्लेषण
१२ जोखिम तथा समस्या विश्लेषण

**चरण ३: स्थानीय विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन योजना तर्जृमा**

गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिबाट भएको गाउँपालिका स्तरीय विपद् तथा जलवायु उत्थानशील योजनालाई गाउँपालिकाले आवश्यक प्रक्रिया पूरा गरी गाउँपरिषद्बाट स्वीकृत गराइनेछ ।

**चरण ४:योजनाको  कार्यान्वयन  रणनीती**

नेपाल सरकारको विपद् व्यवस्थापन ऐन, २०७४ कानून नीति तथा निर्देशिकाले निर्देशित गरे अनुरुप तथा ओमसतिया गाउँपालिकाको विकास योजना अनुसार विकासका गतिविधिहरु संचालनका क्रममा विपद् जोखिम न्यूनीकरणलाई मूल प्रवाहिकरण गरि दिगो विकासका माध्यमबाट यस योजनाको कार्यान्वयन गर्ने मूल रणनिति रहनेछ । आन्तरिक तथा बाह्य स्रोतको पहिचान र परिचालनको माध्यमबाट प्राथमिकता प्राप्त न्यूनीकरणका योजना, आवश्यक जनशक्तिको तयारी सामाग्रीगत तयारी र आर्थिक व्यवस्थापनका मूख्य क्षेत्रलाई प्राथमिकता र आवश्यकताका आधारमा संचालन गर्ने योजना  कार्यान्वयनको मूल रणनिति रहनेछ ।  यसका अलवा दिर्घकालिन योजनाहरुका लागि आवश्यकता अनुसार छुटै कार्यसंचालन रणनति तर्जुमा गरी योजनाको मुल उद्देश्यलाई प्राप्त गरिने रण्निति लिइनेछ । यस योजनलाई मूर्तरुप दिन निम्नानुसार तत्कालिन नीति अंगिकार गरिएको छ ।

- योजनालाई ओमसतिया गाउँपलिकाको गाउँ सभाबाट अनुमोदन गराई बैधानिकता प्राप्त गरी कार्यान्वयन गरिनेछ ।
- शिक्षा तथा सचेतना विना विपद् जोखिम न्यूनीकरण तथा दिगो विकास सम्भव छैन भन्ने मान्यतालाई अंगिकार गरी, विपद् जोखिम व्यवस्थापनका सबै तहहरुका सूचना शिक्षा तथा संचारको विकास र विस्तारमा जोड दिइनेछ ।
- गाउँपालिका तथा वडा स्तरमा आवश्यकता अनुसारका दक्ष जनशक्तिको विकास, तालिम तथा क्षमता अभिवृद्धिका लागि विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा कार्यरत सरोकारवाला राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ, संस्थाहरुको सहभागिता र सहकार्यमा जोड दिइनेछ ।
- विपद् जोखिम न्यूनीकरण  पूर्वतयारीलाई प्राथमिकता र आवश्यकताका आधारमा वडा तथा समुदाय तहसम्म विकेन्द्रीकृत गरी संचालन गरिनेछ ।
- जिल्ला विपद् व्यवस्थापन तथा स्थानीय वडा विपद् व्यवस्थापन समितिहरुको प्रत्यक्ष समन्वय तथा सहकार्यमा विपद्को समयमा तालिम प्राप्त दक्ष जनशक्तिहरुलाई परिचालन गरिनेछ ।
- योजना कार्यान्वयनको लागि गाउँपालिकाको आन्तरिक बजेट व्यवस्थापन, सरकारी कार्यालय, जिल्ला समन्वय समिति, प्रदेश सरकार, मन्त्री तथा सांसदहरु तथा अन्य दातृ निकायहरुसँग समन्वय गरिनेछ ।
- स्थानीय ज्ञान, सिप, प्रविधि, र श्रोत तथा साधनको अधिकत्तम उपयोग गरी विपद् जोखिम तथा जलवायु उत्थानशील योजनालाई प्रभावकारी रुपमा कार्याँन्वयन गरिनेछ ।

## चरण ५: अनुगमन, मूल्याङ्कन र पुनरावलोकन

### योजनाको अनुगमन, मुल्याङ्कन तथा पुनरावलोकनः

यस योजनाको प्रभावकारी कार्यान्वयन लक्ष्य प्राप्तीका लागि ओमसतिया गाउँपालिकाको सहयोग र स्थानीय विपद् तथा जलवायु उत्थानशप्ला समितिको सहकार्यमा विभिन्न तह तथा निकायहरुबाझट नियमित अनुगमन तथा सुपरिवेक्षण, पुनरालोकन तथा समिक्षा ,र मूल्यांकन गरिनेछ भने स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिकाको भाग २ को चरण ५ मा उल्लेख भए अनुसार प्रत्येक ५ वर्षको अवधिमा पुनरावलोकन तथा परिमार्जन गरिनेछ।

- गाउँपालिकाले वार्षिक नीति तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना कार्यान्वयनको समेत नियमित अनुगमन तथा मूल्याङ्कन गर्नेछ।
- गाउँपालिका स्तरमा गठित अनुगमन समितीले विपद् जोखिम व्यवस्थापन सम्बन्धी कार्यक्रमको प्रभावकारिता समेत मूल्याङ्कन गरी आवश्यकता अनुसार गाउँपालिकामा सिफारिस गर्नेछ।
- विपद् जोखिम तथा जलवायु उत्थानशील योजना कार्यान्वयन गर्ने संघसंस्थाहरु, जिल्ला विपद् व्यवस्थापन समिति , जिल्ला समन्वय समिति, प्रदेश स्तरिय विपद् व्यवस्थापन समिति, विषयगत संघसंस्थाहरुले आफ्नो अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन सम्बन्धित निकाय, स्थानीय निकायमा पेश गर्नेछ।
- गाउँपालिकाको कुनै पनि क्षेत्रमा विपद्ले सङ्कटासन्नता,क्षमता, र जोखिम पारेको परिवर्तनलाई सम्बोधन गर्न प्रत्येक वर्ष योजनाको पुनरावलोकन गरी वार्षिक कार्यक्रम तथा योजना तयार गर्नेछ। विपद् जोखिम व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन प्रत्येक ५वर्षमा योजनाको बृहत् पुनरावलोकन गरी अध्यावधिक गर्नेछ।

## खण्ड–२

## प्रकोप, सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषण

### २.१ प्रकोपको पहिचान, स्तरीकरण र विश्लेषण

ओमसतिया गाउँपालिकाको प्रकोप पहिचान गर्न ऐतिहासिक समय रेखा र प्रकोप, मौसमी तथा बाली पात्रोको विश्लेषणद्धारा पहिचान गरिएको छ भने जोडागत विश्लेषण विधिबाट प्रकोप स्तरीकरण गरिएको छ । यस गाउँपालिकामा विगतको इतिहास हेर्दा सम्भावित प्रकोपहरुमा भुकम्प, बाढी, आगलागी, सडक दुर्घटना, शीतलहर, महामारी, हुरीबतास, चट्याङ, सर्पदंश, कृषि बालीमा लाग्ने रोग, पशुमा लाग्ने रोग पहिचान भएका छन् र जोखिमका हिसावले पनि माथि उल्लेखित प्रकोपहरु स्तरीकरण अनुसार उच्च जोखिम देखि न्युन जोखिम सम्म रहेका छन् ।

विपद् जोखिम व्यवस्थापनका क्रियाकलाप र कार्य समय निर्धारण गर्ने आधार बनाउन सहज हुन्छ । विस २०५७ , २०७२ र २०७७ सालमा यस गाउँपालिकामा बाढीबाट १९५ घरधुरी पूर्ण रुपमा क्षति भएको थियो । मानविय क्षति भने भएन । ४५ वटा बाख्रा, ११ वंगुर मरेको, ४५ वटा रुखहरु बगाएको े, ५२५ विगाहमा लगाएको धान डुबेर क्षति भएको जसमा हरेक वर्ष आउने बाढीका कारण गाउँक्षेत्रमा भौतिक तथा आर्थिक क्षति भएको देखिन्छ । वर्षात्को समयमा बाढीसँगै उत्पन्न हुने डुवान र कटानले वडा नं. ३, ४, ५ र ६ का नदी तथा खोला छेउका बस्तीहरुमा नदी कटान तथा स्थानीय पुर्वाधारमा क्षति पुगेकोले पुर्वातयारी र प्रतिकार्यका क्रियाकलाप सन्चालन गर्नुपर्ने अवस्था देखिन्छ । करिब रु ९० लाख बराबरको क्षति भएको थियो, त्यस्तै ३५०० मिटर जति सडक बाढीले भत्काएको थियो ।

त्यस्तै वि स २०७७ सालमा सर्पदंशले १ जनाको मृत्यु भएको थियो । गाउँपालिकामा सर्पदंशले हरेक वर्ष क्षति पुरयाइरहेको हुन्छ । त्यस्तै शितलहरले हरेक वर्ष बालनाली, घरपालुवा जनावरमा असर पुरयाएको हुन्छ ।
यस आधारमा मानवीय क्षतिको दृष्टिकोणले तुलनात्मक रुपमा ओमसतिया गाउँपालिका सुरक्षित रहेको देखिएको छ । २०७२ वैशाख १२ र २९ गतेको भुकम्पका कारण यस गाउँपालिकामा खासै भौतिक तथा मानवीय रुपमा कुनै क्षति नपुगेको भएतापनि सामान्य तया घरहरु चर्किएका र सामान्य क्षति भएका थिए । जनजागृति मा वि को ३ वटा भवनमा सामान्य क्षति भएको थियो, जसमा हाल सम्म पनि सोही घरमा बसोबास रहेको छ, तर मानविय क्षति भने भएको थिएन । यस गाउँपालिकामा असिना, हुरीतास जस्ता प्रकोपको निरन्तरले घर विद्यालयमा, बालीनालीमा क्षति पुरयाउनुको साथै बालबालिका र वृद्धवृद्धाहरुलाई असर पुरयाएको थियो । खडेरी र जलवायु परिवर्तनका कारण यस गाउँपालिकाको विभिन्न ठाउँमा पानीका मुहानहरु सुकेका हुनाले सिचाईमा अवरोध आई उत्पादनमा गिरावट आएको छ । हरेक वर्ष शीतलहर र आगलागीले ब्यापक क्षति पुर्याएको पाइएको छ । प्रकोपका सँगै खाद्यान्न संकट बढ्दै गएको कारण रोजगारीको खोजीमा स्थानीय युवाहरु पलायन हुदै गएको पाइन्छ । त्यसैगरी वर्षेनी आउने असिना, हुरीबतासका कारण स्थानीय किसानहरुले धेरै क्षति बेहोर्नु परेको देखिन्छ । ओमसतिया गाउँपालिकाको प्रकोपको ऐतिहासिक समयरेखाको विस्तृत विवरण अनुसुची २ मा राखिएको छ । त्यस्तै कृषि बालीमा लाग्ने रोग, पशुमा लाग्ने रोग, महामारी, आगलागी, सडक दुर्घटना जस्ता प्रकोपले हरेक वर्ष असर पुरयाइरहेको देखिन्छ ।

यसर्थ ओमसतिया गाउँपालिकामा विद्यमान विभिन्न किसिमका प्रकोपहरूले गाउँपालिकाका सबै ठाउँहरूलाई एकै प्रकारले प्रभावित बनाएको पाइदैन, तथापि स्थानीय विपद्् तथा जलवायु उत्थानशील योजना तर्जूमाका क्रममा सहभागीहरुको उपस्थिति र भावनाले क्रमगत रुपमा बढी प्रभावित ठाउँहरूबाट कम प्रभावित ठाउँहरूमा विपद््

जोखिम न्यूनिकरणका क्रियाकलापहरू सञ्चालन गर्न अत्याबश्यक छ भन्ने देखिएको छ । गाउँपालिकाको कुनै वडामा उच्च संकटासन्न अवस्थामा रहेको घटना अर्को वडामा न्युन क्षति पुरयाउने घट्ना बनेको छ । विगत ३० वर्षमा यस गाउँपालिकामा घटेका प्रकोपका विभिन्न घटनाले पुरयाएको क्षतिको विवरण संकलन गर्ने कार्यशालाको प्रमुख उद्देश्य रहेको भएता पनि कार्यशालामा उपस्थित सहभागीहरुबाट विगतमा घटेका प्रमुख घटना र त्यसले पुरयाएको क्षतिको विवरण दिन असमर्थ रहेका कारण अपेक्षित नतिजा आउन सकेको छैन । पछिल्लो समयमा घटेका घटना र तिनले पुरयाएको भौतिक क्षतिको मात्र विश्लेषण गरिएको छ ।

| वडा नं. | गाउँ तथा टोल | उच्च संकटासन्नता | मध्यम संकटासन्नता | निम्न संकटासन्नता | पुष्ट्याईका आधार |
|---|---|---|---|---|---|
| ! | ठुठिपिपल | | | ✓ | वडा प्रतिनिधि संगको छलफल |
| | फरेना | ✓ | | | वडा प्रतिनिधि संगको छलफल |
| | नगाँगाउँ | | | ✓ | वडा प्रतिनिधि संगको छलफल |
| | क्याप्टन टोल | | | ✓ | वडा प्रतिनिधि संगको छलफल |
| | लखन चौक | | | ✓ | वडा प्रतिनिधि संगको छलफल |
| | कुट्टा | ✓ | | | वडा प्रतिनिधि संगको छलफल |
| | गंगापुर | | ✓ | | वडा प्रतिनिधि संगको छलफल |
| | ठुलो कटैया | | | | वडा प्रतिनिधि संगको छलफल |
| | सरस्वती टोल | ✓ | | | वडा प्रतिनिधि संगको छलफल |
| | शिव टोल | | ✓ | | वडा प्रतिनिधि संगको छलफल |
| | प्रगती टोल | | | ✓ | वडा प्रतिनिधि संगको छलफल |
| | कटैया चौक | | ✓ | | वडा प्रतिनिधि संगको छलफल |
| | खुग्सा | | | | वडा प्रतिनिधि संगको छलफल |
| | पिपरहिया | | ✓ | | वडा प्रतिनिधि संगको छलफल |
| | शिशोघरी | | ✓ | | वडा प्रतिनिधि संगको छलफल |
| @ | केबटलिया | ✓ | | | वडा प्रतिनिधि संगको छलफल |
| | करबला | ✓ | | | वडा प्रतिनिधि संगको छलफल |

| | | | | | |
|---|---|---|---|---|---|
| | करमडाँडा | | ✓ | | वडा प्रतिनिधि संगको छलफल |
| | कृषिफारम | | ✓ | | वडा प्रतिनिधि संगको छलफल |
| | पडसरी | | ✓ | | वडा प्रतिनिधि संगको छलफल |
| | बर्दिह्वा | ✓ | | | वडा प्रतिनिधि संगको छलफल |
| | जितपुर | | | ✓ | वडा प्रतिनिधि संगको छलफल |
| | उन्नतीटोल | | | ✓ | वडा प्रतिनिधि संगको छलफल |
| | पुनमपथ | | | ✓ | वडा प्रतिनिधि संगको छलफल |
| | नयाँगाउँ | | | ✓ | वडा प्रतिनिधि संगको छलफल |
| | पिरनगर | | | ✓ | वडा प्रतिनिधि संगको छलफल |
| | तेनह्वा | | ✓ | | वडा प्रतिनिधि संगको छलफल |
| | सृजनशिल टोल | | ✓ | | वडा प्रतिनिधि संगको छलफल |
| | सानो केबतलिया | | ✓ | | वडा प्रतिनिधि संगको छलफल |
| | डाँडालाइन | | ✓ | | वडा प्रतिनिधि संगको छलफल |
| | पर्ति | | ✓ | | वडा प्रतिनिधि संगको छलफल |
| | दुर्गा मन्दिर पथ | | | ✓ | वडा प्रतिनिधि संगको छलफल |
| | फर्साटिकर | | | ✓ | वडा प्रतिनिधि संगको छलफल |
| # | लहरौली | ✓ | | | वडा प्रतिनिधि संगको छलफल |
| | बर्षारी | ✓ | | | वडा प्रतिनिधि संगको छलफल |
| | करवानी | | | ✓ | वडा प्रतिनिधि संगको छलफल |
| | स्लामपुर | | | ✓ | वडा प्रतिनिधि संगको छलफल |
| | तर्कुलाहाडाँडा | | ✓ | | वडा प्रतिनिधि संगको छलफल |

| | | | | | |
|---|---|---|---|---|---|
| | लालपुर | ✓ | | | वडा प्रतिनिधि संगको छलफल |
| | तर्कुलाहा | | ✓ | | वडा प्रतिनिधि संगको छलफल |
| | कुरवा | | | ✓ | वडा प्रतिनिधि संगको छलफल |
| | नौडीहवा | ✓ | | | वडा प्रतिनिधि संगको छलफल |
| | डाँडागाउँ | ✓ | | | वडा प्रतिनिधि संगको छलफल |
| | सेकवानी | | ✓ | | वडा प्रतिनिधि संगको छलफल |
| | दुम्दुम्वा | | | ✓ | वडा प्रतिनिधि संगको छलफल |
| $ | बसन्तपुर | | | ✓ | वडा प्रतिनिधि संगको छलफल |
| | ठुलोबालापुर | | ✓ | | वडा प्रतिनिधि संगको छलफल |
| | सानोबालापुर | | ✓ | | वडा प्रतिनिधि संगको छलफल |
| | प्रसौनी | | | ✓ | वडा प्रतिनिधि संगको छलफल |
| | मधुरी | | | ✓ | वडा प्रतिनिधि संगको छलफल |
| | मतियरिया | | ✓ | | वडा प्रतिनिधि संगको छलफल |
| | सिलौटीया | ✓ | | | वडा प्रतिनिधि संगको छलफल |
| | बेतौलीया | ✓ | | | वडा प्रतिनिधि संगको छलफल |
| | पाननी | ✓ | | | वडा प्रतिनिधि संगको छलफल |
| | गुजुरपुरुवा | ✓ | | | वडा प्रतिनिधि संगको छलफल |
| % | पतखौली | ✓ | | | वडा प्रतिनिधि संगको छलफल |
| | दिपनगर | | ✓ | | वडा प्रतिनिधि संगको छलफल |
| | तुरैनी | | ✓ | | वडा प्रतिनिधि संगको छलफल |
| | कैलासनगर | ✓ | | | वडा प्रतिनिधि संगको छलफल |

| | | | | | |
|---|---|---|---|---|---|
| | धन्छी | ✓ | | | वडा प्रतिनिधि संगको छलफल |
| | पिपरहिया | ✓ | | | वडा प्रतिनिधि संगको छलफल |
| | लोधपुरवा | | ✓ | | वडा प्रतिनिधि संगको छलफल |
| | भेलाई | | ✓ | | वडा प्रतिनिधि संगको छलफल |
| | नन्दनगर | | | ✓ | वडा प्रतिनिधि संगको छलफल |
| | गौरी | | | ✓ | वडा प्रतिनिधि संगको छलफल |
| | सपही | | | ✓ | वडा प्रतिनिधि संगको छलफल |
| ^ | नरान्यपुर | ✓ | | | वडा प्रतिनिधि संगको छलफल |
| | बेलहिया | | | ✓ | वडा प्रतिनिधि संगको छलफल |
| | मझौली | | | ✓ | वडा प्रतिनिधि संगको छलफल |
| | डाडवा | ✓ | | | वडा प्रतिनिधि संगको छलफल |
| | जमुहावी | | ✓ | | वडा प्रतिनिधि संगको छलफल |
| | पाटकपुर | ✓ | | | वडा प्रतिनिधि संगको छलफल |
| | नौडीहवा | | | ✓ | वडा प्रतिनिधि संगको छलफल |
| | बिन्द्राबन | | | ✓ | वडा प्रतिनिधि संगको छलफल |
| | नरयनापुर | ✓ | | | वडा प्रतिनिधि संगको छलफल |
| | हदौनीया | | ✓ | | वडा प्रतिनिधि संगको छलफल |
| | कुसुमहवा | | ✓ | | वडा प्रतिनिधि संगको छलफल |
| | झुलकीटोल | | ✓ | | वडा प्रतिनिधि संगको छलफल |

## २.२ प्रकोप पहिचान तथा स्तरीकरण

ओमसतिया गाउँपालिकामा विगतमा भएका र भविष्यमा आइपर्न सक्ने प्रकोप तथा जलवायुजन्य घटना र जनधनको क्षति तथा उपलब्ध क्षमताका आधारमा प्रकोपको सूची तयार गरी धेरै क्षति गर्ने प्रकोप पहिचान गरी स्तरीकरण गरिएको छ । ओमसतिया गाउँपालिकामा गरिएको सहभागितात्मक छलफलको आधारमा विषेशगरी भूकम्प, बाढी, सडक दुर्घटना आगलागी, सर्पदंश, कृषि बालीमा लाग्ने रोग, पशुमा लाग्ने रोग, महामारी, शीतलहर, असिना, चट्याङ, र हुरीबतासलगायतका प्रकोपहरुलाई प्रमुख प्रकोपको रुपमा पहिचान गरिएको छ ।

नेपाल भूकम्पीय जोखिमको हिसावले ११ औं संकटासन्नता मुलक भएको हुदा प्रकोप स्तरीकरण गर्दा भूकम्पलाई तुलनामा नराखी पहिलो नम्बरको प्रकोपको रुपमा प्राथमिकतामा राखिएको छ । भुकम्पीय जोखिमको हिसावले यहाँका स्थानीयवासीहरु उच्च संकटासन्न अवस्थामा रहेका छन् । स्तरीकरणबाट प्रकोपहरु पहिचान गर्दा सवैभन्दा उच्च जोखिम भूकम्प, पहिलो, दोश्रो र तेस्रो, चौथो, पाँचौ, छैटौं, सातौं, आठौं, नवौ, दशौ, एघारौ, र बाहै्ँ स्थानमा क्रमश बाढी, सडकदुर्घटना आगलागी, सर्पदंश, कृषि बालीमा लाग्ने रोग, पशुमा लाग्ने रोग महामारी, शीतलहर, असिना, चट्याङ, र हुरीबतास रहेका छन् ।

| **प्रकोप** | **बाढी** | **सडक दुर्घटना** | **आगलागी** | **सर्पदंश** | **कृषि बालीमा लाग्ने रोग** | **पशुमा लाग्ने रोग** | **महामारी** | **शीतलहर** | **असिना** | **चट्याङ** | **हुरीबतास** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाढी | | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी |
| सडक दुर्घटना | | | सडक दुर्घटना | सडक दुर्घटना | सडक दुर्घटना | सडक दुर्घटना | सडक दुर्घटना | सडक दुर्घटना | सडक दुर्घटना | सडक दुर्घटना | सडक दुर्घटना |
| आगलागी | | | | आगलागी | आगलागी | आगलागी | आगलागी | आगलागी | आगलागी | आगलागी | आगलागी |
| सर्पदंश | | | | | सर्पदंश | सर्पदंश | सर्पदंश | सर्पदंश | सर्पदंश | सर्पदंश | सर्पदंश |
| कृषि बालीमा लाग्ने रोग | | | | | | कृषि बालीमा लाग्ने रोग | कृषि बालीमा लाग्ने रोग | कृषि बालीमा लाग्ने रोग | कृषि बालीमा लाग्ने रोग | कृषि बालीमा लाग्ने रोग | कृषि बालीमा लाग्ने रोग |
| पशुमा लाग्ने रोग | | | | | | | पशुमा लाग्ने रोग | पशुमा लाग्ने रोग | पशुमा लाग्ने रोग | पशुमा लाग्ने रोग | पशुमा लाग्ने रोग |
| महामारी | | | | | | | | महामारी | महामारी | महामारी | महामारी |
| शीतलह | | | | | | | | | शीतल | शीतल | शीतलह |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| र | | | | | | | | | हर | हर | र |
| असिना | | | | | | | | | | असिना | असिना |
| चट्याङ | | | | | | | | | | | चट्याङ |
| हुरीबतास | | | | | | | | | | | |
| अंक भार | ११ | १० | ९ | ८ | ७ | ६ | ५ | ४ | ३ | २ | १ |
| स्तरीकरण | पहिलो | दोश्रो | तेश्रो | चौथौ | पाँचौ | छैठौ | सातौ | आठौ | नवौ | दशौ | एघारौ |

*तालिका ४ ओमसतिया गाउँपालिकाको प्रकोप स्तरिकरण (नोटः नेपाल भुकम्पको उच्च जोखिममा रहेको मुलुक हुँदा प्रकोप स्तरीकरण गर्दा भूकम्पलाई तुलनामा नराखी पहिलो नम्बरको प्रकोपको रुपमा राखी योजना तर्जुमा)*

ओमसतिया गाउँपालिकामा विगतको विपद्को इतिहासलाई हेर्दा रुपन्देही जिल्लाको प्रकोप प्रभावित क्षेत्र मध्ये यो गाउँपालिका पनि एक हो । स्थानीय स्तरमा आइरहने र दोहोरि रहने विपद्का घटनाहरुको पहिचान र स्तरीकरण नगरी समूदायले सामना गरिरहनु परेका संकटासन्नताको पहिचान गर्न सकिन्न । तसर्थ विपद्ृजन्य जोखिम पहिचानका लागि यस गाउँपालिकामा विपद्ृका के–कस्ता घटनाको बाहुल्यता छ र त्यसले समुदायमा कस्तो प्रभाव पारिरहेको छ भन्ने विश्लेषण गरिएको छ । यस किसिमका प्रकोपका पुनराबृत्ति भई रहने घटनाहरुको प्राथमिकीकरण गरी न्युनीकरणका लागि मार्गप्रशस्त गर्नु नै यसको प्रमुख उद्देश्य रहेको छ ।

२.३ प्रकोप विश्लेषण

स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका २०७४ को अनुसूची ५ (४) अन्तर्गत प्रकोप जोखिम तथा सामाजिक श्रोत नक्साङ्कन, जोखिम र समस्या विश्लेषण खाका, संस्थागत विश्लेषण तथा सम्बन्ध चित्र, तापक्रम र वर्षाको विश्लेषण, लक्षित समूह छलफल भू–उपयोग जोखिम विश्लेषण लगायतका औजारहरुको सहयोगले मुख्य समस्या वा प्रकोप, प्रकोपको कारण, प्रभाव र जोखिम न्युनीकरणका लागि पहिचान भएका उपायहरु प्रकोप विश्लेषण अन्तर्गत राखिएको छ । समग्रमा मुख्य समस्या वा प्रकोपहरुमा वनमा आगलागी हुन सक्ने, महामारी फैलिन सक्ने, विद्यालय वा समुदायको जमिन तथा संरचना बाढीले जमिन कटान हुन सक्ने, असिना र शितलहरले बाली नष्ट पार्ने, हुरीबतासले घर टहराका छानाहरु उडाउन सक्ने सम्भावना रहेका छन् । माथि उल्लेखित समस्याहरुको कारण वनजंगल फडानी, वातावरणमैत्री विकास नहुनु, विकाससँगै जोखिम अल्पिकरणका कार्यहरु नगर्नु, प्रकोप तथा जोखिम प्रति सचेत नहुनु, भूकम्प प्रतिरोधी घरसंरचनाहरु निर्माण नहुनु रहेका छन् । मुख्य प्रभाव भनेको नै मानिसको मृत्यु, अंगभंग तथा घाइते हुनु मनोसामाजिक असर पर्नु, घरसंरचनाहरुमा क्षति पुग्नु, उत्पादनमा ह्रास आउनु, स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्नु, जीविकोपार्जनको उपायहरुमा असर पर्नु आदि हुन् । यी सवै तथ्यहरुलाई विश्लेषण गर्दा विभिन्न जोखिम न्युनीकरणका उपायहरु पहिचान भएका छन् । प्रकोप विश्लेषणको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

| क्र.स. | समस्या अथवा प्रकोप | कारण | कारक तत्व | प्रभाव | जोखिम न्यूनीकरणका लागि पहिचान भएका उपायहरू |
|---|---|---|---|---|---|
| १ | भूकम्प | | भूगर्भ भित्र रहेका | ठूलो जनधनको क्षति, | पूर्वतयारी, भवन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ठूला प्लेटहरु एकआपसमा ठोकिएर | पूर्वाधारहरुको क्षति, सामाजिक संरचनाहरुमा क्षति, आर्थिक तथा मानसिक असर, प्राचिन सम्पदाहरुमा क्षति, प्रविधिहरुमा असर, विस्थापित तथा वसाईसराई | आचारसंहिताको पालना गरी भूकम्प प्रतिरोधी भवन तथा पूर्वाधारहरु निर्माण गर्ने, चेतनामूलक कार्यहरु संचालन गर्ने, सुरक्षित स्थानको छनौट गर्ने, आकस्मिक योजनाहरु तयार गरी कार्यान्वयनमा ल्याउने |
| २ | बाढी | रोहिणी तथा डण्डा खोलाको नजिक भएकाले । | पानीको व्यवस्थित निकास नगरिनु । | सरसामान वगाउने । | रोहिणी तथा डण्डा खोला व्यवस्थित गर्नु पर्ने । |
| | | ुखोलाका कारण जोखिम हुने गरेको ।<br>अत्याधिक वर्षा ।<br><br>मौसमी कारण । | खोलामा उचित तटबन्ध निर्माण नहुनु ।<br>खोला किनारामा रहेको बस्ती बढी जोखिममा हुनु । | मानवीय क्षति ।<br><br>पशुपंछीको क्षति । | रोहिणी तथा डण्डा खोला किनारमा स्परहरुको निर्माण र व्यवस्थित गर्नु पर्ने ।<br>बाढी सम्बन्धी सचेतनामुलक कार्यक्रमहरु नियमित रुपमा संचालन गर्ने ।<br>बाढीको जोखिम रहेको क्षेत्रमा तारजाली तथा तटबन्ध निर्माण गर्ने । |
| ३ | आगलागी | विद्युतीय संरचना तथा कमजोर ग्यास<br><br>सिलिण्डरका कारण ।<br><br>· लापरवाही तथा जनचेतनाको अभाव<br>· हुरीवतास र सुख्खा खडेरीका कारण जोखिम बढनु । | आगो  जथाभाबी<br><br>फाल्नु ।<br><br>केटाकेटीको नजिक आगो राख्नु ।<br><br>भूकम्प पछि त्रिपाल तथा टिनको जस्ताको छाना हुनु । | मानिसको मृत्यु हुने तथा घाईते समेत हुने ।<br>भौतिक तथा आर्थिक क्षति हुनु । नीजि तथा सार्वजनिक भवनहरूमा क्षति<br><br>वन विनास हुने जडीवुटी तथा बन्यजन्तुमा असर | पानीका स्रोतहरू संरक्षण तथा भण्डारण गर्ने ।<br><br>प्रज्वलनशील पदार्थ बाल बच्चाले भेटने ठाउँबाट अलग गर्ने<br>भान्सामा काम गर्दा आगोको साबधानीपुर्वक प्रयोग गर्ने ।<br><br>जंगलमा अग्नी रेखा कोर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | आगोका प्रयोग गरिसके पछि सहि व्यवस्थापन नगर्नु । | सुख्खा वातावरण र अग्निजन्य पदार्थको सहज पहुँच | | आगलागीको सुरक्षा सम्बन्धी जनचेतना जगाउने ।<br>विद्युतीय संरचना तथा ग्यास सिलिण्डरको प्रयोगमा सावधानी अपनाउने ।<br>घरवरिपरी हरिया बनस्पतिहरु विस्तार गर्ने |
| ४ | सडक दुर्घटना | अव्यवस्थित साँघुरो सडक, ढल तथा कुलेसाको ब्यवस्था नहुनाले । | ब्यवस्थित साँघुरो कच्चि धुले सडक, सवारी साधनको वृद्धि, | मानिस घाइते तथा मृत्यु हुने । जनधनको क्षति । शारीरिक तथा मानसिक अपाङ्गता | सवारी दुर्घटना सम्बन्धी जनचेतना फैलाउने । |
| | | सडकमा खाल्डा खुल्डी हुनु, भत्किनु, सवारी साधनको चापमा वृद्धि, ट्राफिक ब्यवस्था तथा ट्राफिक नियमको ज्ञानमा कमी, ट्राफिक साईनबोर्डहरु पर्याप्त नहुनु, अब्यवस्थित तरिकाले सडक, छेउछाउ विद्युतीय पोलहरु तथा तारहरु हुनु । सवारी चालकको | ट्राफिक साईनबोर्ड ब्यवस्था पर्याप्त नहुनु ।<br>जनचेतनाको कमी, पैदल यात्रीको लागि फुटपाथको ब्यवस्था नहुनु । | हुने ।<br>वातावरण प्रदुषण दैनिक जनजीवनमा असर । | ट्राफिक नियमको बारेमा जनचेतना अभियान संचालन गर्ने ।<br>सडकको खाल्डा खुल्डी पुर्ने ।<br>सडक बत्तिको ब्यवस्था गर्ने ।<br>सडक फराकिलो कालोपत्रे गर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | लापरवाही, ट्राफिक नियम पालना नगर्नु । पैदल यात्रीको लागि छुट्टै पैदल बाटो तथा फुटपाथको ब्यवस्था नहुनु । | जथाभावी सडक काटने गर्नु । | | ढल निकासको राम्रो ब्यवस्था गर्ने ।<br>साईनबोर्डको ब्यवस्थापन गर्ने ।<br>सडक छेउ तथा घुम्तीहरुमा पोल, वाल तथा फलामको बार लगाउने ।<br>फुटपाथको ब्यवस्था  गर्ने । |
| | | | | | सडक छेउछाउमा वृक्षारोपण गर्ने । |
| | | | | | सडक छेउछाउका पोल र केवलहरु सम्वन्धित निकायसँग समन्वय गरी ब्यवस्थित गर्ने ।<br>भत्किन लागेको सडक डिल छेउ तथा शाखा बाटोमा ग्राबेल जाली लगाउने । |
| ५ | शीतलहर | ठण्डी बढ्नु, पूर्वतयारी ज्ञानको अभाव हुनु<br>आवश्यक श्रोत साधनको कमी हुनु | जलवायु परिवर्तन | स्वास्थ्यमा समस्या<br>महामारी<br>मानवीय क्षति<br>चौपाया क्षति | न्यानोपन बढाउनु । गरम लुगा लगाउने ।<br>जनचेतना विस्तार गर्ने ।<br>सुरक्षित बासस्थानको ब्यवस्थापन गर्ने ।<br>जनावरलाई हावा देखि बचाएर राख्ने । |
| ६ | महामारी | शुद्ध पिउन पानीको<br>अभाव, धारामा आउने पानी फोहर हुने । | भूकम्प, बाढी को समयमा खानेपानीका श्रोतहरु दुषित हुन्छन भन्ने चेतनाको कमी हुनु<br>स्वास्थ्य सम्बन्धी जनचेताको कमी हुनु | · मानिस विरामी हुने तथा मर्न समेत सक्ने आर्थिक नोक्सानी<br>· विद्यालयको पठन पाठनमा असर पर्नु । | शुद्ध पिउने पानीको ब्यवस्था गर्ने तथा शुद्धिकरण गरेको पानी मात्र पिउने ।<br>खानेपानीको पाईप तथा ढलको पाईप एकै ठाउँमा नराख्ने ।<br>महामारी सम्बन्धी जनचेतना |

| | | | | | |
|---|---|---|---|---|---|
| | | · खानेपानीको पाईप तथा ढलको पाईप एकै ठाउँमा राखिनु । जनचेतनाको कमी | | | फैलाउने |
| ७ | हुरीवतास | मौसमी कारण, पश्चिमी वायुको प्रभाव,अग्ला र कमजोर रूखले जोखिम बढाउने । | कडा र फुट्न सक्ने सामग्री घर तथा कौशीमा राख्ने परम्परा | त्रिपाल तथा टिनका जस्ताहरू उडाउने । | घर तथा कौशीमा राखिने गमला र हिलट्याङ्कलाई सुरक्षित तरिकाले राख्ने । |
| | | कमजोर संरचना र एकीकृत बस्ती | गमला र हिल ट्याङकका कारणले जोखिम बढनु । हुरीबतास प्रतिरोधात्मक घरहरू निर्माण नहुनू । लापरवाही तथा जनचेतनाको अभाव । | भौतिक संरचना क्षति हुने । मानिस र पशुपंक्षिमा असर । खेतीवाली तथा कृषिबाली नष्ट । | अस्थायी रूपमा बनेका घर टहरा सुरक्षित बनाउने । घर तथा विद्यालय वरिपरि अग्ला रूखहरू नराख्ने । हावाहुरीका वेला सुरक्षित स्थानमा वस्ने । हावाहुरी चलेको वेला विजुलीको स्विच अफ गर्ने । |
| ८ | चट्याङ | मौसमी कारण । कमजोर विद्युतिय संरचना । घर तथा भवनहरूमा कमजोर वाईरिङ् हुनु । चट्याङ्को सुरक्षा सम्बन्धी जनचेतनाको | जलवायु परिवर्तन । चट्याङ्को सुरक्षा सम्बन्धी जनचेतनाको कमी । विना अर्थिङ्को विद्युत जडान हुनु | मानिस घाईते हुने तथा मृत्यु समेत हुन सक्ने पशुपक्षीमा असर कृषि वालीनालीमा असर । विद्युतीय | चट्याङ्का बारेमा जनचेतना फैलाउने , चट्याङ्का समयमा ठूला रूख तथा विद्युतीय टावरको नजिक नबस्ने । घर तथा भवनहरूमा वाईरिङ् राम्रोसंग गर्ने । चट्याङ्का समयमा खुल्ला स्थानमा खाली खुट्टा नबस्ने तथा पौडी खेल्ने खोला तर्ने जस्ता काम नगर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कमी । | | संरचनामा क्षति आगलागी समेत हुन सक्ने । | |
| ९ | सर्पदंश | सरसफाईको कमि | जनचेतनाको कमि | मानिस घाईते हुने तथा मृत्यु समेत हुन सक्ने, | सर्पदंशका बारेमा जनचेतना फैलाउने, घर वरिपरि सरसफाई राख्ने, खाली खुट्टा नहिड्ने, सुत्दा झुलको प्रयोग गर्ने, यदी कथमकदाचित सर्पदंशका घटना घटेमा सिधै अस्पताल लैजाने । |
| | | मौसमी कारण | | | |
| १० | कृषि बालीमा लाग्ने रोग | | विभिन्न किसिमको विषादी प्रयोग र रासायनिक मलको प्रयोग गर्नाले | मकै, धान, कोदो, र अन्य सागसब्जीमा विभिन्न किसिमको रोग लाग्नु | कृषि विज्ञसँग माटो चेक जाँच गरि कृषिलाई उपयुक्त किसिमको बालीनाली लगाउने |
| ११ | पशुमा लाग्ने रोग | | खोर , गोठ सफा नगर्दा खाने कुरा ठिक समयमा नदिदा औषधी प्रयोग नगर्दा | पशुहरु मर्ने | गोठ, खोर सफा राख्ने , समयमा औषधी सेवन गराउने । |
| १२ | असिना | | प्राकृतिक कारण | वालीनालीमा क्षति भई किसानहरुको मनोवल घट्ने, गाई वस्तुको क्षति हुने, आर्थिक अवस्थामा असर पर्ने | बाली तथा गाईवस्तुको विमा तथा क्षतिपुर्तिको व्यवस्था, अन्य वैकल्पिक उपायहरुको व्यवस्था मिलाउने, असिना पर्ने समय भन्दा अगाडि नै थन्काउन सक्ने बालीहरु लगाउने, बेमौसमी तरकारी खेती गर्दा सम्भव भए सम्म प्लाष्टिक घरहरुमा गर्ने, बाली विमा, पशु विमाहरुमा जोड दिने |

## २.४ प्रकोप, मौसमी तथा बाली पात्रो

गाउँपालिका भित्र कुन मौसम वा समयमा कुन प्रकोपले असर गर्ने गरेको छ र कुन कुन मौसममा कुन कुन वाली वा वनस्पति लगाउने, काट्ने र भित्रयाउने गरिन्छ भन्ने कुरा तल उल्लेखित प्रकोप, मौसमी तथा बाली पात्रोमा विश्लेषण गएिको छ ।

**क) प्रकोप पात्रो**

गाउँपालिका भित्र भएका प्रकोपहरु पहिले कुन कुन महिनामा हुन्थे र अहिले कुन कुन महिनामा हुन्छन् भनेर तलको प्रकोप पात्रोमा विश्लेषण गरिएको छ । जहाँ पहिले भन्नाले कम्तिमा ३० पहिलेको समयलाई जनाउँदछ । भूकम्प आउने कुनै निश्चित समय वा अवस्था नभएको हुनाले पहिले र अहिले भुकम्पलाई बाह्रै महिनामा आउने गरी राखिएको छ भने बाढीको जोखिम पहिले भन्दा अहिले बढि अवधिको देखिएको छ भने, हुरीबतास, आगलागी, महामारी, चट्याङ शितलहर लगायतका अधिकांश प्रकोपहरुको जोखिम पहिले भन्दा अहिले बढी अवधिसम्म देखिएको छ । प्रकोप पात्रोको विस्तृत विवरण तालिका ७ मा उल्लेख गरिएको छ ।

| प्रकोप | समय | वैशाख | जेठ | असार | श्रावण | भाद्र | आश्विन | कात्तिक | मंसीर | पुस | माघ | फाल्गुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाढी | पहिले ३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| आगलागी | पहिले ३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| हुरीबतास | पहिले ३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| भूकम्प | पहिले ३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| महामारी | पहिले ३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| शीतलहर | पहिले ३० | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| | पहिले ३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| चट्याङ | पहिले ३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| असिना | पहिले ३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| सर्पदंश | पहिले ३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| कृषि बालीमा मा | पहिले ३० बर्ष) | | | | | | | | | | | | |
| लाग्ने रोग | अहिले | | | | | | | | | | | | |
| पशुमा लाग्ने रोग | पहिले ३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| सडक दुर्घटना | पहिले ३० बर्ष) | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

तालिका ५ प्रकोप पात्रो (श्रोतः स्थलगत अध्ययन, २०७७)

**ख) मौसमी पात्रो**

जाडो, गर्मी, वर्षात लगायत मौसम अनुसारका प्रकोपहरु कुन कुन समयमा हुन्छन्, समुदायसँग छलफल गरी कम्तिमा ३० वर्ष पहिले र हालको अवस्था विश्लेषण गरी यो मौसमी पात्रो तयार गरिएको छ । हिउँदे वर्षा पहिले पुस माघ र फागुनमा हुने गरेकोमा हालको अवस्थामा आउँदा वर्षा भएको देखिदैन । समग्रमा जाडोको समयावधी घटेको तथा गर्मीको समयावधी बढेको पाइएको छ । विगतमा जेठ देखि भाद्र महिनामा हुने गरेको मनसुन वर्षा हाल असार देखि असोज सम्म मात्र हुने गरेको छ । चैत्र, वैशाख पर्ने असिना हालको अवस्थामा चैत्र वैशाख सम्म परेको पाइन्छ । मौसमी पात्रोको विस्तृत विवरण तालिका ६ मा प्रस्तुत गरिएको छ |

| प्रकोप | समय | बैशाख | जेठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसीर | पुस | माघ | फाल्गुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मनसुन वर्षा | पहिले ३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| हिउँदे वर्षा | पहिले ३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| आगलागी | पहिले ३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गर्मी | पहिले ३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| जाडो | पहिले ३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| असिना | पहिले ३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| तुसारो | पहिले ३० बर्ष) | | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अहिले | | | | | | | | | | | |

तालिका ६ मौसमी पात्रो (श्रोतः स्थलगत अध्ययन, २०७७)

### ग) वाली र वनस्पति पात्रो

वाली र वनस्पति पात्रो तयार गर्दा यस वडामा उत्पादन हुने प्रमुख वालीहरु, धान र गहुँ बाली लगाउने र भित्र्याउने समय पत्ता लगाउन समुदायबाट प्राप्त सूचनाको आधारमा विश्लेषण गरिएको छ। पहिले धानको विउँ लगाउने समय जेठ र असारमा थियो भने अहिले जेठमा राख्ने पाइएको छ। त्यस्तै पहिले धान जेठमा रोपिन्थ्यो भने हाल आएर धान रोप्ने समय असार श्रावण र भदौ सम्म पाइएको छ। धान काट्ने समय पहिले मंसीर देखि माघ सम्म थियो भने हाल असोज देखि कार्तिक सम्म काट्ने गरिन्छ। गहुँ छर्ने समय पहिले मंसीर देखि माघ सम्म थियो भने हाल कार्तिकमा नै छर्ने गरिन्छ। त्यस्तै गहुँ काट्ने समय चैत्र र वैशाखको समयमा थियो भने हाल चैत्रमा नै काट्ने गरिएको छ। वाली र वनस्पती पात्रोको विस्तृत विवरण तालिका ७ मा उल्लेख गरिएको छ।

| प्रकोप | समय | वैशाख | जेठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसीर | पुष | माघ | फाल्गुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| धानको वीउ लगाउने | पहिले ३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| धान रोप्ने | पहिले ३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| धान काट्ने | पहिले ३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गहुँ छर्ने | पहिले ३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गहुँ काट्ने | पहिले ३० बर्ष) | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

तालिका ७ बाली र वनस्पती पात्रो (श्रोतः स्थलगत अध्ययन, २०७७)

## २.५ प्रकोप, जोखिम तथा सामाजिक श्रोत नक्साकंन र संकटासन्नता तथा क्षमता पहिचान

प्राप्त तथ्याँक विश्लेषणबाट जोखिम तथा सामाजिक श्रोत नक्सां तयार गरिएको छ । सहभागितामूलक तरिकाबाट तयार गरिएको यस नक्सामा प्रकोप, विपद् तथा जलवायुजन्य जोखिम स्थान र प्रभावित हुन सक्ने स्थान प्रस्तुत गरिएको छ । गाउँपालिकामा बाढीको जोखिममा रहेको वडाहरुलाई पनि प्रत्येक वडाको छुटाछुटै नक्सामा देखाइएको छ । यसैगरी सवैभन्दा बढी सुरक्षित स्थान, खुला स्थान, विद्यालय, प्रहरी चौकी, अस्पताल, मन्दिर, जोखिमयुक्त, सामुदायिक वन, नदि, खोला, दह, मुल, पोखरी जस्ता स्थानलाई समेत नक्शामा देखाइएको छ । प्रत्येक वडाको प्रकोप, जोखिम तथा सामाजिक श्रोत नक्सांकन र संकटासन्नता तथा क्षमता पहिचान अनुसुची ३ मा राखिएको छ ।






## २.६. जोखिम पहिचान तथा समस्या विश्लेषण

ओमसतिया गाउँपालिकामा जोखिम पहिचान तथा विश्लेषण सङ्कटासन्नता र क्षमता विचको फरकलाई तुलना गरे हेर्ने हो भने गाउँपालिकामा विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा धेरै कार्यहरु गर्नुपर्ने देखिन्छ । ओमसतिया गाउँपालिकामा भुकम्प, बाढी, आगलागी, सडक दुर्घटना, शीतलहर, महामारी, हुरीबतास, चट्याङ, सर्पदंश, कृषि बालीमा लाग्ने रोग, पशुमा लाग्ने रोग जस्ता जोखिम रहेको छ । यसर्थ यस्ता विपद्बाट समुदायलाई सुरक्षित बनाउन जनचेतनाको कार्यहरु सँगै पूर्वतयारीको गतिविधीहरुमा समेत जोड दिनुपर्ने देखिन्छ । यसैगरी यस गाउँपालिकामा नदि, नहर, खोला, पोखरीहरु प्रशस्त रहेको, तर हाल आएर नदि, पोखरी सुक्दै र घट्दै गइरहेको, पानी कम पर्ने गरेको तथा पर्दा पनि अत्यधिक पर्ने गरेको, बेमौसमी असिना पर्ने, फलफुल तथा तरकारीहरुमा किरा बढी लाग्ने गरेको जस्ता विभिन्न जलवायुजन्य समस्या पनि देखिएको छ ।

वातावरणमा आएको परिवर्तनले विगतको दशकदेखि असिना, चट्याङ, शितलहर, हावाहुरी जस्ता जोखिमहरु वर्षेनी बढ्दै गएका छन् । यसका लागि मौसमी सुचना सम्प्रेषण गर्ने, पुर्वतयारीको लागि समुदायलाई परिचालन गर्ने र प्रत्येक वडास्तरमा पुर्वतयारीका सामाग्रीहरुको व्यवस्थापन गर्नुपर्ने देखिन्छ । सरसफाई अभियानमा महिला समुह ,आमा समुह, युवा क्लव, बालक्लवको भुमिकालाई जिम्मेवार गराई अभियानको रुपमा संचालन, सार्वजनिक धारा र शौचालय निमार्ण गर्दा अग्लो गरि निर्माण गर्ने,उचित ढल निकासको व्यवस्थापन गर्ने, त्यस्तै नियमित खानेपानी

परिक्षण तथा शुद्धिकरण अभियान, डें्गु जोखिमयुक्त क्षेत्रमा औषधीहरु छर्ने, निःशुल्क प्रजनन स्वास्थ्य तथा अन्य स्वास्थ्य शिविरहरुको संचालन गर्नुपर्ने देखिन्छ । स्वास्थ्य समस्याहरुले जुनसुक्नै बेला पनि महामारीको रुप लिन सक्ने भएकोले तथा अन्य विपद्को समयमा पनि स्वास्थ्य समस्याहरु (झाडापखाला,डेंगु, प्रजनन स्वास्थ्य समस्या) सिर्जना हुने हुँदा स्वास्थ्य सँग सम्बन्धित सबै सेवाहरुको लागि पूर्वतयारी आवश्यक हुनाले पुर्वतयारीको लागि श्रोत साधनको

व्यवस्था गाउँपालिकाले गर्नुपर्ने देखिन्छ । आपत्कालिन अवस्थाका लागि ओमसतिया गाउँपालिकामा रहेका सुरक्षित तथा खुल्ला स्थानको पहिचान तथा संरक्षण र समुदायमा जानकारी गराउनु आवश्यक देखिन्छ । यस गाउँपालिकामा देखिएका मुख्य विपद्हरु भुकम्प, बाढी, आगलागी, सडक दुर्घटना, शीतलहर, महामारी, हुरीबतास, चट्याङ, सर्पदंश, कृषि बालीमा लाग्ने रोग, पशुमा लाग्ने रोग जस्ता प्रकोपहरुको लागि जोखिम न्यूनीकरणका कार्यहरु गर्नुपर्ने देखिन्छ । यसका साथै समुदायमा विपद् जोखिम न्यूनीकणका बारेमा जानकारीहरु प्रदान गर्नुपर्ने देखिन्छ ।

ओमसतिया गाउँपालिकामा रहेका विभिन्न सरकारी, गैर सरकारी, निजि संघसंस्थाहरु,तथा विभिन्न महिला समुह, युवा क्लव बाल क्लवहरु, विद्यालयहरु ऋादि रहेका छन्, तर ति संस्था तथा समुहहरु सँग विपद् पहिले तथा विपद्को समयमा समुदायले कसरी सहकार्य गर्न सक्छन् भन्ने कुरामा पनि समुदायमा प्रयाप्त ज्ञान हुनु जरुरी देखिन्छ । साथै यस गाउँपालिकामा रहेका विभिन्न क्षेत्र सँग पहुँच भएका राजनैतिक दल तथा सरोकारवाला, महिला स्वास्थ्य स्वयम् सेविका, सिकर्मी, डकर्मी तालिम प्राप्त निर्माणकर्मीहरु लगायत युवा शक्तिहरुमा विपद् सम्बन्धी पनि उचित ज्ञान सीप तथा क्षमताको विकास गरिनु जरुरी छ । ओमसतिया गाउँपालिकामा गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति गठन भएको छ र यस समितिलाई विपद् व्यवस्थापन सम्बन्धी निरन्तर तालिम तथा ज्ञान, सिप, क्षमताको विकास गर्नु जरुरी छ । यसै गरि यस गाउँपालिकामा विभिन्न कार्यदलहरु पूर्वसूचना तथा सञ्चार, खोज तथा उद्धार, प्राथमिक उपचार, आपत्कालिन शिविर व्यवस्थापन र खानेपानी सरसफाई तथा स्वच्छता व्यवस्थापन जस्ता कार्यदलहरु गठन गरी ति कार्यदललाई विभिन्न तालिम तथा आपत्कालिन सामाग्रीको व्यवस्थापन गरी समितिको क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ । यसका साथै विपद् व्यवस्थापन समितिमा आपत्कालिन कोष समेत स्थापना गरी विपद् व्यवस्थापनमा समुदायलाई सक्षम बनाउनु जरुरी छ । कुनै पनि विपद्मा पहिलो सहभागीता तथा पहुँच समुदायकै हुने हुदा यसै कुरालाई मध्य नजर गर्दै यस गाउँपालिकामा बहुप्रकोप सँग जुध्नका लागि मानविय, आर्थिक, भौतिक श्रोत साधनको विकास गरी यस ओमसतिया गाउँपालिकालाई विपद् उत्थानशील गाउँपालिकाको रुपमा स्थापित गर्नु जरुरी देखिन्छ ।
(श्रोतः स्थलगत अध्ययन २०७७)

## २.७ संस्थागत विश्लेषण वा सम्बन्ध चित्र

विपद् पूर्वको पूर्वतयारी, रोकथाम र अल्पिकरण, विपद्को समयको प्रतिकार्य र विपद् पश्चात्को पुर्नस्थापना र पुनर्निर्माण तथा जलवायु परिवर्तन अनुकुलनका लागि आवश्यक पर्ने सेवा, सुविधा, सुरक्षा उपलब्ध गराउने सरकारी निकाय वा सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, स्थानीय सस्थाहरू र अन्य मानवीय सेवा प्रदायक सङ्घसंस्था, वित्तीय संस्था, सहकारी, स्वास्थ्य सेवा केन्द्र, निजी क्षेत्र आदिको उपलब्धता, पहुँच र सम्बन्धको विश्लेषण गरिएको छ । यो औजारले समुदायको सामाजिक सम्बन्ध र महत्वको मापन गर्छ । यस औजारको प्रयोगबाट समुदायले विपद् तथा जलवायु उत्थानशीलका सन्दर्भमा सामाजिक तथा सार्वजनिक निकाय सम्मको पहुँच कस्तो छ भन्ने विश्लेषण गर्न सहयोग गर्दछ । सम्बन्ध चित्र तयार गर्दा सरोकारवाला निकायहरुको सम्भावित प्रभावलाई आधार मानी वृत्तलाई ठूलो सानो देखाउन सकिन्छ । आपसी सम्बन्धलाई मोटो रेखा, पातलो रेखा, एकोहोरो दोहोरो रेखाले पनि देखाउन सकिन्छ । मोटो

रेखाले बलियो र पातलो रेखाले फितलोे सम्बन्ध जनाउन सकिन्छ । ओमसतिया गाउँपालिकामा विपद्को समयमा आवश्यक पर्ने सेवासुविधा तथा सुरक्षा उपलब्ध गराउने सरकारी निकाय वा सुरक्षा निकाय नेपाल रेडक्रस सोसाइटी तथा अन्य विभिन्न मानवीय सेवामा समर्पित संघसंस्था, आर्थिक तथा वित्तीय संस्था, सहकारी, स्वास्थ्य सेवा केन्द्र लगायत स्थानीय स्तरमा खुलेका सामाजिक तथा समुदायस्तरीय संघसंस्थाहरुको को उपस्थिति रहेको छ । विपद्का सन्दर्भमा ाहुने उपलब्धता, पहुँच र सम्बन्धको बारेमा विश्लेषण गर्ने उद्देश्यले ओमसतिया गाउँपालिकाको संस्थागत सम्बन्ध विश्लेषण गरिएको हो । यस किसिमको रेखाचित्रबाट समुदायले विपद् जोखिम ब्यवस्थापनका सन्दर्भमा आफ्नो क्षमता मापन गर्नुका साथै सहयोग प्राप्त गर्न सक्ने सामाजिक तथा आर्थिक संघसंस्थाको सुचि तयार गरी प्राप्त हुनसक्ने सहयोगको क्षेत्र निर्धारण र विश्लेषण गर्न मद्धत पुगेको छ । विपद्का घटनाबाट हुन सक्ने क्षतिलाई कम गर्न वा विपद््को सामना गर्ने सामाजिक, भौतिक एवं धारणागत क्षमताहरू अभिवृद्धि गर्न पालिकाभित्र उपलब्ध साधन स्रोतको उचित वन्दोवस्त गर्नु र स्थानीय स्रोतको अधिकतम उपयोग गरी विपद्् व्यवस्थापनलाई विकास प्रक्रियामा मूलप्रवाहीकरण गरेर जोखिम कम गर्ने उपायको खोजी गर्नु आवश्यक छ । ओमसतिया गाउँपालिका स्तरीय योजना तर्जुमा कार्यशालामा सहभागितामूलक रुपबाट गाउँपालिका कार्यालयलाई केन्द्र मान्दै सरकारी, सामुदायिक तथा सेवाप्रदायक संघसंस्थाहरुको पहिचान गरी सुचिकृत गरिएको छ । यस आधारमा हेर्दा यो गाउँपालिका विपद् सामना क्षमताको लागि संस्थागत दृष्टिकोंणले सबल नै देखिन्छ ।






| क्र. सं. | कार्यालय सङ्घसंस्था | ठेगाना भौगोलिक दूरी | प्राप्त हुनसक्ने सहयोग | विपद् तथा जलवायु जन्य जोखिम व्यवस्थापनका |
|---|---|---|---|---|

| | | | | **लागि प्राप्त हुनसक्ने सहयोग** | | |
|---|---|---|---|---|---|---|
| | | | | विपद् पुर्व | विपद्‌को समय | विपद् पश्चात् |
| क | गाउँपालिका भित्र | | | | | |
| १ | ओमसतिया गाउँपालिका | | विपद् ब्यवस्थापनका समग्र पक्षमा समन्यव तथा स्थानीय श्रोत ब्यवस्थापन तथा परिचालन | जनचेतना मुलक कार्य गराउन सक्ने, आकस्मिक कोष | जनशक्तिद्वारा उद्धार गर्न सक्ने | प्राथमिक आवश्यक सहयोग |
| २ | वडा कार्यालय | | वडाभित्र विपद् ब्यवस्थापनका समग्र पक्षमा समन्यव तथा वडास्तरीय ब्यवस्थापन तथा परिचालन | जनचेतनामुलक कार्य गराउन सक्ने, आकस्मिक कोष | जनशक्तिद्वारा उद्धार गर्न सक्ने | प्राथमिक आवश्यक सहयोग |
| ३ | प्रहरी चौकी÷ कार्यालय | | पुर्वतयारी तथा आपत्कालीन प्रतिकार्य | सचेतना, खोज तथा उद्धार तालिम ,कृत्रिम अभ्यास | खोज तथा उद्धार, मुचुल्का र सिफारिस | विपद् जोखिम न्यूनिकरणमा सहयोग |
| ४ | नेपाल रेडक्रस सोसाइटी | | खोज,उद्धार,राहत र प्राथमिक उपचार | तालिम, राहत सामग्रीको संकलन | प्राथमिक उपचार, खोज तथा उद्धार, राहत वितरण | पुनर्निर्माण र पुनरुथापनमा सहयोग |
| ५ | स्थानीय विपद् ब्यवस्थापन समिति | | स्थानीय विपद् जोखिम ब्यवस्थापन तथा न्युनिकरणका समग्र पक्षमा समन्वय तथा परिचालन | संगठन, सचेतना तथा पूर्वतयारीका कृयाकलाप | खोज उद्धार र राहतमा सहयोग | पुर्नस्थापना पुर्ननिर्माण |
| ६ | बैंक तथा वित्तीय संस्था | | आर्थिक श्रोत ब्यवस्थापन | जीविकोपार्जनमा सहयोग | राहत वितरणमा सहयोग | आवास निर्माणमा सहयोग |
| ७ | आमा तथा म्हिला समुहहरु | | सचेतना तथा सहभागिता | संगठन, सचेतना | पूर्वतयारीका कृयाकलाप | खोज उद्धार र राहतमा सहयोग |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | स्थानीय सन्चार संस्थाहरु | | पुर्वसुचना तथा सचेतना | विपद् पुर्वसुचना तथा सचेतना विस्तार | आपतकालीन समाचार सम्प्रेषण | पुर्नलालाभ सचेतना |
| ९ | विद्यालयहरु | | पुर्वतयारी, सचेतना तथा आश्रयस्थल | विपद् व्यवस्थापन कक्षा सञ्चालन गर्ने | सदस्य परिचालन गरी उद्धार गर्ने | निशुल्क शिक्षा प्रदान गर्ने |
| १० | बाल क्लबहरु | | सामुदायिक सचेतना | संगठन, सचेतना | खोज उद्धार र राहतमा सहयोग | पूर्वतयारीका कृयाकलाप |
| ११ | युवा क्लबहरु | | सामुदायिक सचेतना तथा खोज तथा उद्धार | संगठन,सचेतना | खोज उद्धार र राहतमा सहयोग | पूर्वतयारीका कृयाकलाप |
| १२ | अस्पताल | | स्वास्थ्य शिविर सञ्चालन तथा सघन उपचार | सचेतना कार्यक्रम | औषधीको जगेडा | सचेतना कार्यक्रम |
| १३ | सहकारी संस्थाहरु | | राहत आपुर्ति तथा वितरण | आकस्मिक कोष खडा गर्ने गराउने | सहकारी मार्फत संस्थाको सदस्य परिचालन गरी उद्धार गर्ने | कृषकलाई अतिरिक्त आवश्यक मल, विउबाट प्रोत्साहन गर्ने |
| **२** | **गाउँपालिका बाहिर** | | | | | |
| १ | जिल्ला प्रशासन कार्यालय | | समन्वय,सुचना ब्यवस्थापन,अनुगमन , तथा निर्देशन | विपद् पूर्वतयारीका क्रियाकलाप | आपतकालिन खोज, उद्धार तथा राहतमा जनशक्ति परिचालन | पुनरुथापना र पुनर्निर्माण |
| २ | जिल्ला प्रहरी कार्यालय | | खोज उद्धार तथा राहत कार्यका लागि जनशक्ति परिचालन | सचेतना, खोज तथा उद्धार तालिम | खोज तथा उद्धार, मुचुल्का र सिफारिस | विपद् जोखिम न्यूनीकरणमा सहयोग |
| ३ | जिल्ला समन्वय समिति | | जिल्ला स्थित सरोकारवाला निकायहरुसँग सहयोग | विपद् पूर्वतयारीका क्रियाकलाप | आपतकालिन खोज, उद्धार तथा राहत | पुनरुथापना र पुनर्निर्माण |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | जिल्ला स्वास्थ्य कार्यालय | | स्वास्थ्य सेवा प्रवाह, सचेतना विस्तार | सरुवारोग नियन्त्रण, औषधीको भण्डारण, प्राथमिक उपचार, सामग्रीगत सहयोग | आपतकालिन प्राथमिक उपचार र सघन उपचार गरी मानव जीवनको रक्षा | घाईतेको सघन उपचार |
| ५ | पलिका स्तरीय उद्योग ब्यापार संघ | | आर्थिक तथा भौतिक सहयोग | राहत सामग्री संकलन तथा ब्यवस्थापन | राहत वितरण तथा मनोसामाजिक परामर्श सञ्चालन | विपद् प्रभावितहरुको आवास निर्माण र जीविकोपार्जनमा सहयोग |
| ६ | रेडक्रस जिल्ला शाखा | | खोज,उद्धार,राहत र प्राथमिक उपचार | सचेतना,राहत संकलन तथा भण्डारण | खोज उद्धार तथा प्राथमिक उपचार | स्वास्थ्य शिवीर सञ्चालन, गैरखाद्य सामग्री वितरण |
| ७ | जिल्ला बाल कल्याण समिति | | विपद् जोखिम न्यूनीकरणका लागि बालबालिका सम्बन्धि नीति निर्माण र कार्यान्वयन | सचेतना तथा नीति कार्यान्वयन | बाल मनोपरार्मश<br>बालबालिका माथि हुने दुब्र्यवहार नियन्त्रण | प्र्रभावित बालबालिकाको तथ्यांक संकलन तथा सहयोग |
| ८ | जिल्ला शिक्षा समन्वय समिति | | विद्यालयस्तरीय विपद् ब्यवस्थापन तथा विपद् पुर्वतयारी कार्यक्रम सञ्चालन | पुर्वतयारी तथा सचेतना | खोज उद्धार तथा आपत्कालीत राहत | आश्रयस्थल ब्यवस्थापन तथा शिवीर सञ्चालन |
| ९ | गैर सरकारी संस्था महासंघ | | पुर्वतयारी तथा सचेतना विस्तार | जनचेतना, संगठन, योजना निर्माण | खोज ,उद्धार प्रभावितहरुको तथ्यांक संकलन,आपतकालीन राहत आपुर्ती तथा वितरण | पुनरुथापना र पुनर्निर्माणमा सहयोग |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | विद्युत प्राधिकरण | | विद्युतीय सेवा | विद्युत विस्तार, चोरी नियन्त्रण | विद्युत लाईन व्यवस्थापन | विद्युत लाईन पुनरुस्थापना |
| ११ | जिल्ला विपद् ब्यवस्थापन समिति | | विपद् पुर्वतयारीमा सरोकारवालावीच समन्यव | राहत ब्यवस्थापन तथा भण्डारण,नीति तथा रणनीतिको यथोचित कार्यान्वियल | आपत्कालीन प्रतिकार्यमा श्रोत साधन तथा जनशक्ति परिचालन | पुर्नस्थापना र पुर्ननिर्माण कार्य अनुगमन तथा निर्देशन |
| १२ | जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र | | सुचना सम्प्रेषण तथा श्रोत परिचालन | विपद् पुर्वसुचना का लागी सञ्चार मिडीयासँग समन्वय | आपत्कालीन प्रतिकार्यका लागि जनशक्ति परिचालन | पुर्नलाभ सुचना प्रवाह |
| **३** | **जिल्ला बाहिर** | | | | | |
| १ | विपद् जोखिम न्युनीकरण तथा ब्यवस्थापन राष्ट्रिय परिषद् | | विपद् ब्यवस्थापनका सम्पुर्ण कार्यहरु प्रभावकारी रुपमा सन्चालन गर्ने र मातहतका निकायहरुलाई तयारी अवस्थामा राख्रे । | निति नियम र निर्देशिकाहरुको निर्माण, तालिम र जनशक्ति ब्यवस्थापन | खोज उद्धारका लागि जनशक्ति परिचालन, नीति नियमहरुको कार्यान्वयन अनुगमन | पुर्नस्थापना तथा पुर्ननिर्माण,नीति नियमहरुको संशोधन र अद्यावधिक |
| २ | विपद् जोखिम न्युनीकरण तथा ब्यवस्थापन कार्यकारिणी समिति | | विपद् ब्यवस्थापनका सम्पुर्ण कार्यहरु प्रभावकारी रुपमा सञ्चालन गर्ने र नीति नियमहरुको कार्यान्वयन गर्ने | निति नियम र निर्देशिकाहरुको निर्माण, र संशोधन | खोज उद्धारका लागि जनशक्ति परिचालन, नीति नियमहरुको कार्यान्वयन अनुगमन | पुर्नस्थापना तथा पुर्ननिर्माण |
| ३ | केन्द्रिय आपत्कालीन कार्यसन्चालन केन्द्र | | विपद् पुर्वसुचना सम्प्रेषणका लागि सरोकारवालाहरुसँग समन्वय गर्नुका साथै श्रोत साधन ब्यवस्थापन तथा परिचालन | पुर्वतयारी तथा कृत्रिम घटना अभ्यास | खोज तथा उद्धारमा जनशक्ति तथा सामग्री परिचालन | खोज तथा उद्धारमा जनशक्ति तथा सामग्री परिचालन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | प्रदेश विपद् व्यवस्थापन समिति | | विपद् पुर्वतयारीका लागि सम्बन्धित निकाय तथा स्थानीय विपद् व्यवस्थापन समितिको कार्यसञ्चालनमा सहजीकरण गर्ने | विपद् प्रभावित क्षेत्रमा पिउने पानी खाद्यान्न,लत्ता कपडा तथा औषधी उपचार लगायतका सामग्रीको प्रबन्ध गर्ने | विपद् प्रभावित क्षेत्रमा स्वयमसेवक परिचालन गर्ने | पुर्नस्थापना तथा पुर्ननिर्माण कार्यमा जिल्ला विपद् ब्यवस्थापन समिति तथा स्थानीय विपद् ब्यवस्थापन समितिलाई आवश्यक मार्गनिर्देश गर्ने |

## २.८ तापक्रम र वर्षाको विश्लेषण

ओमसतिया गाउँपालिका भित्र कुनै मौसम अनुमान विभाग रहेको छैन। ओमसतिया गाउँपालिका सामुन्द्रिक सतहबाट १०० मिटर सम्मको उचाईमा फैलिएको छ। तसर्थ सम्रग जिल्लाकै जलवायुलाई आधार मान्नु पर्ने हुन्छ। हावापानीको दृष्टिकोणले यहाँ ग्रिष्म शितोषण हावापानी रहेको छ। ग्रिष्ममा धेरै तातो र गर्मी हुने यहाँ अधिकतम तापक्रम ४३.४० डिग्री सम्म पुग्दछ भने समग्र जिल्लामा औसत वर्षा ११७४ मिलिमिटर सम्म हुने गर्दछ। त्यस्तै हिउँदे वर्षा पहिलाको तुलनामा घटेको देखिन्छ, जसको कारण हिउँदे वालीमा असर परेको छ। जल तथा मौसम विज्ञान विभाग अनुसार विगत ३० वर्ष देखि हाल सम्म अवस्थालाई हेर्ने हो भने त्यस्तै गर्मीका दिनहरु बढेको पाइन्छ,। पानी पर्ने समयमा परिवर्तन आएको छ जसको कारण जलवायु सँग जोडिने भएकोले बाढी, भुक्षय जस्ता घटनाहरु बढि रहेको पाइन्छ जसले वर्षेनी बालीनालीमा क्षति पुरयाइरहेको अवस्था छ। (जल तथा मौसमा वित्रान महाशाखाको मापन केन्द्र तथ्यांक)

## २.९ लक्षित समूह छलफल

सङ्कटासन्नता तथा क्षमता विश्लेषणका विभिन्न औजारको प्रयोगबाट प्राप्त सूचना तथा तथ्याङ्कको पुनरावलोकन, अनुगमन वा परिक्षण र छुटेका विषय पत्ता लगाउन समुदायको सानो समुहमा छलफल गर्नु नै लक्षित समुह छलफल हो। समुदायका महिला, बालबालिका, सीमान्तीकृत वर्ग, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित,जनजाति,र अल्पसंख्यक समेत सबै वर्गलाई समेटेर यस प्रकारको छलफल गरिएको छ। यस्तो छलफलमा सबै सहभागीलाई समान रुपले आफ्ना विचार र भनाई राख्न प्रोत्साहित गरिएको छ। विपद् तथा जलवायु परिवर्तनका कारण त्यस गाउँपालिकाको कृषि, पशुपालन तथा खाद्य सुरक्षा वन तथा जैविक विविधता, जलवायुजन्य प्रकोप, जलस्रोत र उर्जा, भौतिक पूर्वाधार, मानव स्वास्थ्य, आदि क्षेत्रहरुमा ३० वर्ष पहिले र हाल महसुस गरिएको असर तथा प्रभाव एर्व भविष्यको अनुमानका बारेमा छलफल गरी निम्नअनुसारको ढाँचामा सूचीकृत गरिएको छ।

| **क्र स** | **समस्था** | **३० वर्ष अगाडिको अवस्था** | **हाल महसुस गरिएको प्रभाव** | **कारण** | **कारक तत्व** | **प्रभाव** | **संभावित समाधान का उपायहरु** |
|---|---|---|---|---|---|---|---|
| १ | विपद् र विपद्का सवाल | दैवी शक्तिको उपजको रुपमा उत्पन्न हुनै घटनाहरु | मानवका आफ्नै ब्यवहार र क्रियाकलाप बाट उत्पन्न प्राकृतिक तथा मानवीय घटनाले सृजना गरको असहजता पुर्ण अवस्था | मानविय र प्राकृतिक कारणहरु | | जनधनको क्षति हुन्छ, महिला, गर्भवती महिला, बृद्धबृद्धा, फरक क्षमता, भएकाहरु, वालवालिकाहरु र अशक्तहरु विशेष रुपले प्रभावित | पूर्वतयारी का उपायहरु अबलम्बन गर्ने, सुरक्षित आवस पहिचान गर्ने,पूर्व तयारीका अभ्यासहरु समुदाय र विद्यालय मा गराउने, भुकम्प मैत्री, अपाङ मैत्री, वालमैत्री संरचनाहरु निर्माण गराउने, अशक्तहरु र अपाङगता भएका व्यक्तिहरु को लागि चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्नु । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | जीविकोपार्जन तथा खाद्य सुरक्षा | धेरै उब्जाउ हुने, समयमा नै पानी पर्ने तथा प्राङ्गारिक मलको प्रयोग गरी उब्जाईएको अन्न स्वास्थ्य अनुकुल भएको र आफ्नो उत्पादनले जीविकोपार्जन सहज थियो । | कृषि उत्पादनमा ह्रास, जमिनको उत्पादकत्वमा ह्रास, माटोमा अम्लीयपन बृद्धि, स्वास्थ्य उपचार गराउन नसक्नु, परनिर्भतामा बृद्धि, भोकमरी, परिवार पाल्न नसक्नु, केटाकेटीलाई विद्यालयमा पठाउन नसक्नु | अतिबृष्टि, अनाबृष्टि, बाढी, पहिरो आगलागी, खडेरी, सर्पदंश | | खाद्यान्न असुरक्षामा बृद्धि,पारिवारिक विखण्डन,बालबालिकाहरुको शैक्षिक गतिविधिमा अवरोध, परनिर्भरतामा बृद्धि | आयमुलक क्रियाकलापहरु संचालन गर्नु, शीपमुलक तालिमहरु उपलब्ध गराउनु, बेमौसमी खेतीमा प्रोत्साहित गर्नु, पोखरी निमार्ण गर्नु, सामुहिक अन्न भण्डारण तथा मुठ्ठी बचत गर्ने । |
| ३ | खानेपानी सरसफाई तथा महामारी | हरियाली तथा वन घना थियो, पानीको स्रोत जताततै भएको साथै जडिबुटिहरु पनि प्रसस्त मात्रामा पाईन्थ्यो | पानीका स्रोतहरु दुषित हुनु, मानिसहरुको मृत्यु हुनु, रोगाउनु, सरुवा रोग फैलनु, जनमानसमा आतंक फैलनु, | वनविनाश तथा खोरिया फडानी,प्राकृतिक श्रोतको असन्तुलित उपयोग,अब्यवस्थित भुउपयोग | जनसंख्या बृद्धि,प्राकृतिक श्रोतको अधिकतम दोहन गरीवी | पानीका स्रोतहरु दुषितहुनु, मानिसहरुको मृत्यु हुनु, रोगाउनु, सरुवा रोग फैलनु, जनमानसमा आतंक फैलनु, | घरआँगन कोठा र भान्छाका सरसफाईमा विशेष ध्यान दिने, विरामीलाई स्वास्थ्य केन्द्र जानकालागि सल्लाह दिने प्रभावित ब्यक्तिहरुका प्राथमिकताको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | आधारमा आपतकालिन उद्धार प्रकृया अपनाउने, सरसफाईका लागि आपतकालिन स्थान, गृहस्थापना गर्ने र खानेपानी शुद्धिकरणका उपायहरु उमाल्ने, फिल्टर गर्ने र सोडिस आदि) विधिहरु अपनाई पानीलाई शुद्धिकरण गरेर मात्र सेवन गर्ने |
| ४ | बालबालिका माथि भएको असर | संयुक्त परिवारमा बालबालिकाहरु को संरक्षण थियो, | एकल परिवारमा बालबालिकाहरु को संरक्षण चुनौतिपुर्ण बन्दै गएको छ । | खाद्यउत्पादनमा ह्रास, जीविकोपार्जनका लागि पारिवारिक विखण्डन, | खाद्यान्न भावा तथा विद्यालय पुग्न अवरोध | मानिसहरु प्राकृतिक रुपमा नै उपचार गर्ने गरेको,थोरै रोगहरु देखिएको, अस्पतालको सुविधा नभएकाले जडिबुटीमा निर्भर भएको | अवरोध खुलाउने, पूर्वयोजना निर्माण, वैकल्पिक बाटो, सचेतनाका कार्यक्रम सञ्चालन गर्ने । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | बालबालिकाहरु लाई ब्यवस्थित तरिकाले हुर्काइन्थ्यो, अर्गानिक र पारिवारिक,उत्पादन हुने भएकोले पोषणयुक्त आहारा प्राप्त हुन्थ्यो | बालबालिकाहरु लाई माथि हिंसा, दुब्र्यवहार, बालश्रमका गतिविधिहरु बढ्दै गएका छन् । पारिवारिक विखन्डन सँगै बालबालिकाहरुको नैसर्गिक अधिकारहरु पनि क्षिण बन्दै गएका छन् । | पटक पटक दोहोरीइरहने विपद्का घटनाहरु | | | |
| ५ | मानव स्वास्थ्य | मानिसहरु प्राकृतिक रुपमा नै उपचार गर्ने गरेको,थोरै रोगहरु देखिएको, अस्पतालको सुविधा नभएकोले जडिबुटीमा निर्भर भएको | रोगहरु बढेको जताततै स्थापित अस्पतालहरुका कारण सेवा सर्वसुलभ भए पनि प्राकृतिक रुपमा नै उपचार गर्ने पद्धति निरुत्साहित भईरहेको । | स्वास्थ्य सेवामा पहुच बढेको,वाल मृत्युदरमा कमी , मानिसमा नयाँ रोगहरु देखा पर्न थालेको ,जन्डीस, टाइफाईड पानीजन्य रोगहरुमा वृद्धि भएको | जनसंख्या दृद्धि, अब्यवस्थित खाद्यपदार्थको सेवन, | लापरवाही तथा असावधानी,वतावरण प्रदुषण | सरसफाई का लागि आपतकालिन स्थान, गृहस्थापना गर्ने र खानेपानी शुद्धिकरण का उपायहरु उमाल्ने, फिल्टर गर्ने र सोडिस आदि) विधिहरु अपनाई पानीलाई शुद्धिकरण गरेरमात्र सेवन गर्ने |

## २.१० भू उपयोग जोखिम विश्लेषण

गाउँपालिकामा उपलब्ध तथ्याङ्कको आधारमा भू–उपयोग जोखिम विश्लेषण गरिएको छ । यस गाउँपालिकाको कुल १६७४.२१ हेक्टर क्षेत्रफल मध्ये कृषि क्षेत्र १२५६.४४ हेक्टर ओगटेको छ । त्यस्तै यस गाउँपालिकाको आवास क्षेत्र ३४९.८५ हेक्टर ओगटेको छ । त्यस्तै वन जंगल १६.२५ हेक्टर, नदि नाला ताल तलैया, ५१.६७ हेक्टर रहेको छ । *(श्रोत : ओमसतिया गाउँपालिका प्रोफाइल २०७६)*

| **भु वनोट प्रकृति** | **क्षेत्रफल (हेक्टर)** |
|---|---|
| आवास क्षेत्र | ३४९.८५ |
| वन जंगल | १६.२५ |
| नदि नाला, ताल तलैया | ५१.६७ |
| कृषि | १२५६.४४ |
| **जम्मा** | **१६७४.२१** |

*(गाउँपालिका तथा वडाको भू वनोट प्रकृति तथा क्षेत्रफल)*

## २.११ सङ्कटासन्नता तथा क्षमता विश्लेषण मार्फत संकटासन्नता स्तरीकरण

ओमसतिया गाउँपालिकामा विगतमा के–कस्ता प्रकोपका घटना भएका थिए, तिनको सूची तयार गरी त्यसबाट भएको क्षतिको विवरण तयार गरी प्राप्त सूचनाको विश्लेषणबाट कुन वडाको कुन वस्ती कुन प्रकोपका कारण कुन स्तरमा सङ्कटासन्नता छ भन्ने पत्ता लगाउने प्रयास गरिएको थियो । सामाजिक श्रोत नक्साकन, जोखिमको अवस्थाको अध्ययन, अन्य संकटासन्नता तथा क्षमता विश्लेषणका औजारको प्रयोग तथा समुदायसँगको छलफलबाट प्रकोपको जोखिमको हिसावले गाउँपालिकाको वडाहरु उच्च, मध्यम र न्युन संकटासन्न छन् भनेर छुट्याइएको छ । स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका २०७४ अनुसार मानवीय क्षति, प्रभावित परिवार संख्या, घरको क्षति, आर्थिक क्षति, खेतीयोग्य भूमी, तथा वनक्षेत्रको क्षति, सामाजिक क्षति, विगतमा भएका विपद्का घटनाक्रम, वाली लगाउने वा भित्राउने समयमा आएको परिवर्तन, जोखिमले भविष्यमा पार्न सक्ने असर, संस्थागत क्षमता, जनसंख्याको विश्लेषण, स्थानीय ज्ञान, सिप, प्रविधिलाई सुचक मानी गाउँपालिकाको वडागत संकटासन्नता वर्गिकरण गरिएको छ । ओमसतिया गाउँपालिकामा विगतको ३० वर्षको विपद्को ऐतिहासिक समय रेखाबाट आएको सूचनाको आधारमा क्षतिको विश्लेषण गरी त्यसबाट प्राप्त अङ्कभारलाई जोडेर समुदाय र वडाको उच्च, मध्यम र न्यून गरी तीन वर्गमा वर्गिकरण गरिएको छ । सो बर्गिकरणका लागि निम्नअनुसार सङ्कटासन्नता स्तरीकरण तथा अङ्कभार तालिका तयार गरिएको छ । संकटासननता स्तरीकरण अंकभार आधार अनुसुची ९ मा राखिएको छ । यस विश्लेषणको आधारमा वडा न १ न्यून संकटासन्नता र वडा न २, ३ ४, ५ र ६ मध्यम संकटासन्तामा रहेको पाइन्छ ।

विगतमा समुदाय स्तरमा भएका विपद्का घटनाहरुको क्षति र प्रभावका आधारमा समुदायलाई स्तरीकरण गरिएको छ । तलको स्तरीकरण समुदायको भनाईका आधारमा समुदायले भोगे तथा देखेका घटनाका आधारमा राखिएको छ । विपद् जोखिम न्यूनिकरणका योजनाहरुको आधारमा उक्त समुदायलाई प्राथमिकतामा राख्नु पर्ने देखिन्छ |

| वडा नं. | मानविय क्षति | प्रभावित परिवार | घरको क्षति | आर्थिक क्षति | खेतीयोग्य भूमि र | वन [illegible]को क्षति | सामाजिक क्षति | विगतमा भएका विपद्का घटनाक्रम | वाली लगाउने वा भित्र्याउने समयमा आएको परिवर्तन | तापक्रममा आएको परिवर्तन | जोखिमले भविश्यमा पार्न सक्ने असर | स्रोतको उपलब्धता तथा पहुँच | संस्थागत क्षमता | जनसंख्याको विश्लेषण | स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधि | जम्मा अंक |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | १ | १ | १ | १ | १ | १ | १ | १ | २ | २ | २ | १ | १ | १ | १९ |
| २ | २ | २ | १ | ३ | २ | १ | १ | २ | १ | २ | २ | २ | १ | १ | १ | २४ |
| ३ | २ | २ | ३ | ३ | ३ | २ | १ | ३ | ३ | २ | ३ | २ | १ | ३ | १ | ३४ |
| ४ | २ | २ | ३ | ३ | ३ | १ | १ | २ | १ | २ | २ | २ | १ | १ | १ | २७ |
| ५ | २ | २ | २ | २ | २ | १ | १ | २ | १ | २ | २ | ३ | ३ | १ | १ | २७ |
| ६ | २ | १ | २ | २ | २ | १ | १ | २ | १ | २ | २ | ३ | ३ | १ | १ | २६ |

## २.१२ सम्पन्नता स्तरीकरणः

नेपाल सरकारद्धारा संचालित गरीव घरपरिवार पहिचान सर्वेक्षण २०७० मा आधारित पीएमटी (उचयहथ mभबलक तभकत) विधिद्धारा पहिचान भएका गरीव घरपरिवारको स्थानीय तहगत विवरणलाई श्रोत मानी अति गरीव, मध्यम गरीव, सामान्य गरीव र गैर गरीव घरपरिवार छुट्याइएको छ। कुल ६५३९ घरपरिवार मध्ये ६८८ अति गरीव, ९६५ मध्यम गरीव, १५२० सामान्य गरीव गरी जम्मा गरीब ३१७३ तथा ३३६६ गैर गरीव घरधुरी पाइएको छ। ३ महिना भन्दा कम खान पुग्ने परिवार ११ प्रतिशत ४ देखि ६ महिना सम्म खान पुग्ने परिवार १५ प्रतिशत ७ देखि ९ महिना सम्म खान पुग्ने परिवार २३ प्रतिशत ९ महिना भन्दा बढि सम्म पुग्ने परिवार ५१ प्रतिशत रहेको छ, जसलाई तलको तालिमा न ९ मा देखाइएको छ।

| वडा नं. | जम्मा परिवार संख्या | अति गरीव परिवार संख्या | मध्यम गरीव परिवार संख्या | सामान्य गरीव | जम्मा गरीव परिवार | गैर गरीव परिवार संख्या |
|---|---|---|---|---|---|---|
| १ | १०४७ | २०० | ४०० | ३०० | ९०० | १४७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | ११०७ | ९० | २१० | ५०० | ८०० | ३०७ |
| ३ | १०५८ | २५ | ५५ | २२० | ३०० | ७५८ |
| ४ | १२८३ | २८३ | ५० | १०० | ४३३ | ८५० |
| ५ | ९७३ | ३० | १०० | १५० | २८० | ६९३ |
| ६ | १०७१ | ६० | १५० | २५० | ४६० | ६११ |
| **जम्मा** | **६५३९** | **६८८** | **९६५** | **१५२०** | **३१७३** | **३३६६** |

*(तालिका ८ श्रोतः ओमसतिया गाउँपालिकाको प्रोफाइल, २०७६)*

## २.१३ गाउँपालिकाको क्षमता विश्लेषण

ओमसतिया गाउँपालिकामा गाउँपालिका स्तरिय विपद् व्यवस्थापन समिति गठन भएको छ । यसले गर्दा समुदायलाई विपद् सँग सामना गर्ने क्षमता विकासमा सहयोग गर्नेछ । यस विपद् व्यवस्थापन समितिलाई विपद् सम्बन्धी विभिन्न तालिमहरु प्रदान गरी तिनिहरुको ज्ञान, सिप र क्षमताको विकास गर्नु जरुरी छ । यसका साथै विपद् व्यवस्थापन समितिलाई सक्षम बनाउनका लागि आपत्कालिन कोषको स्थापना गरि त्यसको बढावा गर्न सके विपद् व्यवस्थापन समितिको क्षमता बढ्ने देखिन्छ । यस गाउँपालिकामा कार्यरत जिल्ला समन्वय समिति, वडा कार्यालयहरु, स्वास्थ्य चौकी, रेडक्रस, प्रहरी चौकी, नेपाल रेडक्रस सोसाईटी, विद्यालयहरु, बैक तथा ऋण सहकारी संस्थाहरु, सरकारी तथा गैह सरकारी निकायहरु, आदिलाई पनि क्षमता मान्न सकिन्छ ।

यसका साथै यस गाउँपालिका भित्रका खुल्ला क्षेत्रहरु, पानीको स्रोतहरु (नदि,नाला तथा पोखरी) लाई पनि क्षमता मान्न सकिन्छ । यस गाउँपालिकामा भएका विभिन्न क्षेत्रहरुका पहुँचवाला समुदायका व्यक्तिहरु यस गाउँपालिकाका क्षमता हुन् । यस गाउँपालिकामा रहेका सिकर्मी, तथा डकर्मीहरुले स्थानीय सीप र आफ्नै क्षमता र दक्षताको आधारमा काम गर्ने गरेका छन् । उनीहरुमा भूकम्प प्रतिरोधी संरचना निर्माण गर्ने सीप तथा क्षमताको विकास गर्नुपर्ने देखिन्छ । यसैगरी यहाँ भएका दक्ष जनशक्तिको रुपमा तालिम प्राप्त पौडीबाज, तालिम प्राप्त स्वयंसेवक, ग्रामीण महिला स्वास्थ्य कार्यकर्ता, तालिम प्राप्त कृषि प्राविधिक, शिक्षक, कर्मचारी, स्वयंसेवक, सिकर्मी डकर्मीहरुको े सीप विपद्का बेला प्रयोग गर्न सकिन्छ,, त्यसैले यसलाई क्षमता मान्न सकिन्छ ।

माथि विश्लेषण गरिएको सङ्कटासन्नता र जोखिमको सामना गर्न, जोखिम व्यवस्थापन गर्न समुदायसँग के–कस्ता क्षमता विद्यामान छन् भनेर पहिचान गरिएको छ । वडा भित्र भएका स्रोतसाधनको अवस्था, स्थानीय ज्ञान, सीप र प्रविधिको तुलनात्मक अध्ययन गरी निष्कर्ष निकालिएको छ जुन यस प्रकार रहेका छन् ।

- विपद्को समयमा प्रयोग गर्न यहाँकै बासिन्दाको ट्रक, सुमो, ट्याक्टर मोटरसाईकल आदि रहेको ।
- खानेपानी, सिंचाइका लागि निजि बोरिगं पम्प, नहर र पोखरी भएको ।
- खानेपानीको धारा तथा शौचालय निर्माण गर्दा अग्लो गरि निर्माण गर्ने गरेको ।
- बिउँबिजन, खाद्यान्न तथा लत्ता कपडा बाढीले नभेट्ने गरि राख्ने गरेको ।

- सुरक्षित तथा खुल्ला स्थान पहिचान गरि विपद्को समयमा प्रयोग गर्ने गरेको ।
- विपद्को समयमा खोज तथा उद्धार कार्यमा सहयोग गर्ने गरेको ।
- राहत वितरणमा सहयोग गर्ने गरेको ।
- आश्रयस्थलको व्यवस्थापनमा सहयोग गर्ने गरेको ।

विपद्को घटनाबाट हुन सक्ने क्षतिलाई कम गर्न वा सामना गर्न सामाजिक, भौतिक एवं धारणागत क्षमताहरु अभिवृद्धि गरी उपलब्ध श्रोत साधनको अधिकतम प्रयोग गर्नु आवश्यक छ । त्यसैले स्थानीय श्रोत र साधनलाई उपयोग गर्दै विपद् व्यवस्थापन कार्यलाई विकास प्रक्रियामा मूलप्रवाहिकरण गरी जोखिम कम गर्ने उपायको खोजी गर्ने वडामा रहेको श्रोत साधनहरुको पहिचान गरि विश्लेषण गरिएको छ । यसको मुख्य उद्धेश्य वडा वा समुदायसँग भएको सार्मथ्य र श्रोतको मापन गरी समुदायमा भएका श्रोतहरु संकलन गर्दै वडाको एकीकृत क्षमताको सुची तयार गर्नु हो । यसबाट वडावासीहरुले विभिन्न समयमा प्रकोपले निम्ताएका विपद्को सामना गर्न अपनाएका उपायहरु सहित विपद् जोखिम कम गर्न गरिरहेका भौतिक, मानविय श्रोत, सामाजिक संरचना, आर्थिक श्रोत र प्राकृतिक श्रोतको आधारमा गरिएको छ।

यस गाउँपालिकाको क्षमताका श्रोत अन्तर्गत ६ वटा पक्की पुल, ६५ वटा कल्भट, ५० किमी कालोपत्रे सडक, २०० किमी कच्ची सडक, १७ वटा विद्यालय, १ वटा सामुदायिक भवन,३५७ वटा टेलिफोन, ५९२८ मोबाइल, ७०२ जना इन्टरनेट प्रयोगकर्ता, ४५६ कम्प्युटर, ३७३ वटा रेडियो, साइकल, ५४२९, मोटर साइकल २९४४, ट्याक्टर २४५, अटो रिक्सा ८२ वटा, गाडा ६८ वटा, महिला स्वयंसेविका १६ जना, सामुदायिक भवन १२ वटा, सामुदायिक उपभोक्ता वन समिति १ जटा, १६९८ सार्वजनिक धारा, हाते पम्प ४५९१, नदि ४ वटा, सार्वजनिक कुवा पोखरी १० वटा, व्यत्तिगत कुवा ४ वटा, मठ मन्दिर ५ वटा, चर्च १ वटा, मस्जिद १ वटा, बैक तथा वित्तिय संस्था १७ वटा रहेका छन् । ओमसतिया गाउँपालिकाको श्रोत र उपलब्धताको विवरण तलको तालिकामा दिइएको छ ।

**भौतिक श्रोत**

| **विवरण** | **नाम र रहेको स्थान** | **संख्या** | **क्षमता** | **अवस्था** | **कैफियत** |
|---|---|---|---|---|---|
| पुल पुलेसा | ओमसतिया गाउँपालिका भित्र | ६ वटा | ठुला गाडीहरु संचालन | राम्रो | |
| कलर्भट | ओमसतिया गाउँपालिका भित्र | ६५ वटा | ठुला गाडीहरु संचालन | राम्रो | मर्मत गर्नुपर्ने |
| सडक पक्कि | ओमसतिया गाउँपालिका भित्र | ५० कि.मि. | ठुला गाडीहरु संचालन | राम्रो | मर्मत गर्नुपर्ने |
| कच्ची सडक | ओमसतिया गाउँपालिका भित्र | २०० कि.मि. | ठुला गाडीहरु संचालन | राम्रो | स्तर उन्नती गर्नुपर्ने |
| विद्यालय | मिनेर्वा इंग्लिस हाई स्कूल वार्ड नं. १, | भवन २ | कोठा ३६ | राम्रो | शौचालय तथा खानेपानी भएको |
| | श्री गंगा विश्व आधारभुत विद्यालय | भवन २ | कोठा ४ | मध्यम | शौचालय छैन, खानेपानी छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | वडा नं. १, | | | | |
| | रामजानकी आधारभुत विद्यालय १, | भवन २ | कोठा ५ | मध्यम | शौचालय छैन, खानेपानी छ। |
| | गौतम बुद्ध इंग्लिस हाई स्कूल १, | भवन १ | कोठा १६ | राम्रो | शौचालय तथा खानेपानी छ। |
| | ठुटिपिपल मा.वि. १, | भवन ४ | कोठा २७ | राम्रो | शौचालय तथा खानेपानी छ। |
| | बुटवल मोडल कलेज १, | भवन १ | कोठा ३२ | राम्रो | शौचालय तथा खानेपानी छ। |
| | सनलाईट बोर्डिङ हाई स्कूल १, | भवन २ | कोठा २८ | राम्रो | शौचालय तथा खानेपानी छ। |
| | श्री कोतही आधारभुत विद्यालय २, | भवन २ | कोठा ११ | मध्यम | शौचालय तथा खानेपानी छ। |
| | पडसरी आधारभुत विद्यालय २, | भवन ४ | कोठा ९ | मध्यम | शौचालय तथा खानेपानी छ। |
| | जनता आधारभुत विद्यालय ३, | भवन ५ | कोठा १० | मध्यम | शौचालय छैन खानेपानी छ। |
| | श्री रोहिनी बेसिक स्कूल ३, | भवन ४ | कोठा ४ | मध्यम | शौचालय छ खानेपानी छैन। |
| | सत्य रवानी नेटकिंग इंग्लिस स्कूल ३, | भवन १ | कोठा १० | मध्यम | शौचालय छैन खानेपानी छ। |
| | मोर्डन चिल्ड्‌्रेन इंग्लिस स्कूल ३, | भवन २ | कोठा ६ | राम्रो | शौचालय तथा खानेपानी छ। |
| | श्री श्रृजना आधारभुत विद्यालय ३, | भवन २ | कोठा ६ | मध्यम | शौचालय तथा खानेपानी छ। |
| | श्री जनजागृति मा.वि. करुवानी स्कूल ३, | भवन ५ | कोठा १२ | मध्यम | सौचालय तथा खानेपानी छ। |
| | अबु बकर सिदिकी ३, | भवन १ | कोठा ३ | मध्यम | सौचालय छैन खानेपानी छ। |
| | मदरसा कडरिया निजामिया अहले सुन्नत फैजुल उलुम ६ | भवन ५ | कोठा ५ | मध्यम | शौचालय तथा खानेपानी छ। |
| सुरक्षित आवास तथा स्थान | ओमसतिया गाउँपालिका वडा नं. २ लहरौली | १ | | निर्माणाधिन | |

| | | | | | |
|---|---|---|---|---|---|
| संचारका साधन | मोवाइल | ५९२८ | | संचालनमा | |
| | टेलिभिजन | ४३३२ | | संचालनमा | |
| | इन्टरनेट | ७०२ | | संचालनमा | |
| | कम्प्युटर | ४५६ | | संचालनमा | |
| | रेडियो | ३७३ | | संचालनमा | |
| | टेलिफोन | ३५७ | | संचालनमा | |
| यातायातका साधन | साइकल | ५४३९ | | संचालनमा | |
| | मोटरसाइकल | २९४४ | | संचालनमा | |
| | ट्याक्टर | २४५ | | संचालनमा | |
| | अटोरिक्सा | ८२ | | संचालनमा | |
| | गाडा | ६८ | | संचालनमा | |
| | अन्य | ११६ | | संचालनमा | |
| पूर्व सूचना प्रणाली जनशक्ति | छैन | | | | |
| आधारभूत खोज तथा | छैन | | | | |
| प्राथमिक उपचार तालिम प्राप्त जनशक्ति | छैन | | | | |
| महिला स्वास्थ्य स्वयमसेविका | वडा नं. १ देखि वडा नं. ६ भित्र | १६ | स्वास्थ्य सम्बन्धि तालिम प्राप्त | सक्रिय | बेला बेलामा तालिम प्रदान गर्नुपर्ने |
| सामुदायिक भवन | ओमसतिया गाउँपालिका भित्र | १२ वटा | सुरक्षित | राम्रो | केहि भवन निर्माणाधिन |

| | | | | | |
|---|---|---|---|---|---|
| सामुदायिक वन उपभोक्ता समूह | ओमसतिया गाउँपालिकाको वडा नं. ६ मा | १ | | | |
| खानेपानी विवरण | धारा÷पाइप | १६९८ | | राम्रो | |
| | ट्युबेल÷हाते पम्प | ४५९१ | | राम्रो | |
| | मुल धारा | ३६ | | मध्यम | |
| | सार्बजनिक कुवा पोखरी | १० | | जिर्ण | |
| | ब्यक्तिगत कुवा पोखरी | ४ | | मध्यम | |
| | नदी वा खोला | २ | | | |
| मठ मन्दिर | गाउँपालिका भित्र | ५ | | सबै पक्की | |
| चर्च | गाउँपालिका भित्र | १ | | १ पक्की | |
| मस्दिज | गाउँपालिका भित्र | १ | | | |
| हेलिकप्टर बस्न सक्ने ठाउँ | ओमसतिया गाउँपालिका भित्र | १ | | | |
| बैक तथा वित्तिय संस्था | नेपाल बैंक लिमिटेड | १ | | संचालन | |
| | एन.एम.बि. बैंक लि. | १ | | संचालन | |
| | महालक्ष्मी विकास बैंक | १ | | संचालन | |
| | गण्डकी विकास बैंक | १ | | संचालन | |
| | ज्योती विकास बैंक | १ | | संचालन | |
| | तिनाउ मिसन विकास बैंक | १ | | संचालन | |
| | मेगा बैंक लि. | १ | | संचालन | |
| | इन्फिनिटी लघुवित्त लि. | १ | | संचालन | |
| | स्वाभिमान लघुवित्त बित्तिय संस्था लि. | १ | | संचालन | |
| | चौतारी लघुवित्त बित्तिय संस्था लि. | १ | | संचालन | |
| | गोर्खा फाईनान्स लि. | १ | | संचालन | |

| | | | | | |
|---|---|---|---|---|---|
| | राष्ट्र उत्थान लघुवित्त बित्तिय संस्था लि. | १ | | संचालन | |
| | जनउत्थान लघुवित्त बित्तिय संस्था लि. | १ | | संचालन | |
| | जनजागृती युवा सोसाइटी | ३ | | संचालन | |
| | समानता बचत तथा ऋण सहकारी संस्था | १ | | संचालन | |
| | आस्था श्री बचत तथा ऋण सहकारी संस्था कटैया | १ | | संचालन | |
| | आस्था श्री बचत तथा ऋण सहकारी संस्था ठुटिपिपल | १ | | संचालन | |
